वर्ष : १८, अंक : १२, काठमाडौं, २०७९ असार १७ गते शुक्रबार, 1 July 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## जसपाले बोलायो केन्द्रीय समिति बैठक

काठमाडौं। जसपाले केन्द्रीय समितिको बैठक बोलाइको छ। असार २७ र २८ गते बस्ने गरी बैठक आह्वान गरिएको छ। बैठक वीरगन्जमा बस्नेछ। दुई दिनसम्म चल्ने उक्त बैठकमा पार्टी विभाजनको विषय मुख्य एजेन्डा बन्ने बुझिएको छ। यस्तै, स्थानीय तह निर्वाचनको समीक्षा, गठबन्धन, सरकारमा दलको कार्यसम्पादन र प्रदेश र प्रतिनिधिसभाको आउँदो निर्वाचनलगायत विषयमा छलफल हुने बुझिएको छ। बैठकमा बाबुराम पक्ष उपस्थित हुन्छ/हुँदैन भन्ने खुलाइएको छैन ।

## सहिद परिवारलाई मासिक २१ हजार रुपैयाा दिइने

जनकपुरधाम । मधेश सरकारले मधेश आन्दोलन र जनयुद्धका सहिद परिवारलाई मासिक २१ हजार रुपैयाँ दिने भएको छ । सहिद परिवारको भरणपोषणबापत गृह तथा सञ्चार मन्त्रालयअन्तर्गत रहेको मधेशी सहिद प्रतिष्ठानले मासिक २१ हजार रुपैयाँ दिन लागेको हो । सहिदका छोराछोरीलाई समेत नि:शुल्क पठनपाठनका लागि छात्रवृत्ति दिने प्रतिष्ठानको तयारी छ । प्रतिष्ठानले भरणपोषण तथा छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७९ को दफा (६) बमोजिम मधेस आन्दोलन तथा जनयुद्धमा सहिद भएका परिवारको आर्थिक अवस्था कमजोर भएको परिवारलाई पहिलो प्राथमिकतामा राखेर मासिक अधिकतम २१ हजार रुपैयाँका दरले दिन लागेको हो । सहिदका सन्तानलाई कक्षा १ देखि ६ सम्म १६ हजार रुपैयाँ र कक्षा ७ देखि १२ सम्म १८ हजार रुपैयाँ एकमुष्ट वार्षिक रूपमा छात्रवृत्ति दिने छन् । भरणपोषण तथा छात्रवृत्तिका लागि प्रतिष्ठानले गत जेठ १० गते सूचना प्रकाशित गरेर आवेदन दिन सहिद परिवारहरूलाई आह्वान गरेको छ । यस्तो सुविधा मधेश आन्दोलन र जनयुद्धमा सहिद भई नेपाल सरकारबाटसमेत सहिद घोषणा भएकाको परिवारले पाउने प्रावधान छ ।

## प्रदेशसभाको बैठक २० गते

जनकपुरधाम मधेश प्रदेश सभाको बैठक असार २० गते बस्ने भएको छ । बैठक २० गते दिउँसो १ बजेका लागि बोलाइएको प्रदेश सभा सचिवालयका सचिव रंजित यादवले जानकारी दिए । असार १ गते बजेट प्रस्तुत गरेपछि प्रदेश सभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको थियो । प्रदेश सभा सचिवालयका सचिव यादवका अनुसार २० गतेको बैठकमा बजेटमाथि छलफल हुनेछ । केही विधेयकमा छलफलसमेत हुने उनले बताए । १ असारमा अर्थमन्त्री शैलेन्द्र साहले आगामी आर्थिक बर्ष २०७९/८० का लागि रु ४६ अर्ब ८८ करोड ९ लाख ४६ हजारको बजेट प्रस्तुत गरेका थिए ।

## फेरि फुट्यो जसपा

# यादव र भट्टराई अलग रहन सहमत

**मधेशवाणी डेस्क**

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) विभाजनको निकै नजिक पुगेको छ । संघीय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराई र अध्यक्ष उपेन्द्र यादवबीच विवाद चर्किएकै बेला दुई नेता आ-आफ्नो बाटो लाग्न राजी भएका छन् । यसअघि जसपाबाट महन्थ ठाकुर र राजेन्द्र महतो लगायतका नेताहरु अलग भएर लोसपा बनाएका हुन् ।

भट्टराईले यादव समक्ष पार्टीबाट अलग हुने प्रस्ताव राखेका थिए । वैकल्पिक शक्ति बनाउने उद्देश्यका साथ पार्टी एकता गरेको भए पनि त्यसलाई संगठनात्मक स्वरुप दिन नसकेकाले अब सहमतिमा छुट्नुपर्ने भट्टराईको प्रस्ताव थियो । छलफलमा अध्यक्ष भट्टराईले यादव क्षेत्रीय र जातीय राजनीतिबाट माथि उठ्न नसकेको भन्दै सँगै काम गर्न नसकिने बताएका थिए । उनले आफूलाई पार्टीमा सँगै काम गर्न गाह्रो भइरहेको भन्दै सहमतिमै अलग हुन यादवसँग प्रस्ताव गरेका थिए ।

त्यसमा यादव पनि सहमत भएको भट्टराई पक्षले जनाएको छ । यादव पक्षका नेताहरुले पनि दुई नेताबीच सहमतिमै अलग हुने सहमति भएको बताएका छन् । भट्टराईसँगको छलफलमा यादवले आफूले जानुस् भनेर नभन्ने तर अलग्गिने इच्छा छ भने नरोक्ने जवाफ दिएका थिए ।

जसपाका दुई शीर्ष नेताहरु सहमतिमा अलग हुने निर्णय गरेपछि केन्द्रीय सदस्य र सांसदहरु कसको पक्षामा जाने समस्या भएको छ । अध्यक्ष भट्टराई पार्टीबाट अलग हुने भएपछि उनीसँग अरु को-को अलग्गिने अहिलेसम्म खुल्न सकेको छैन ।

यद्यपी अहिले पार्टीमा अध्यक्षको बहुमत भएकाले पार्टीको आधिकारिकता यादवसँग रहने छ । उता, आफूहरुको बहुमत पुग्ने सम्भावना कम भएकाले नयाँ पार्टी बनाउनुपर्ने अवस्था आउन सक्ने भट्टराई पक्षको विश्लेषण छ ।

पार्टीबाट औपचारिक बिदा लिनुपूर्व भट्टराईले जसपाको राष्ट्रिय भेला बोलाएर अलग हुने सोच बनाएका छन् । नेताहरुका अनुसार यद्यपि यादवसँग सहमति बने पनि उनलाई सहजरुपमा बाहिरन भने गाह्रो छ ।



*जसपा अध्यक्ष उपेन्द्र यादव, संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई, वरिष्ठ नेता अशोक राई र नेता राजेन्द्र श्रेष्ठ । फाइल फोटो*

भट्टराई पार्टीमा अल्पमतमा छन् । स्थानीय चुनावअघि र पछिसम्म पनि पार्टीभित्र बहुमतमा रहेका भट्टराई अहिले आएर अल्पमतमा परेका हुन् ।

यहीबीच अध्यक्ष यादवले मन्त्री हेरफेरबारे गर्ने निर्णयलाई पनि असन्तुष्ट पक्षले पर्खेका छन् । भट्टराई अल्पमतमा रहँदा यादवले मन्त्री हेरफेर गर्ने एकल निर्णय गरेका थिए भने पार्टीले पनि उनैलाई सर्वाधिकार दिएको छ । मन्त्री हेरफेर भएमा असन्तुष्ट नेताहरुले बाबुरामलाई साथ दिने सम्भावना रहेको छ । यही रणनीतिका साथ यादवको निर्णयको पर्खाइमा भट्टराई छन् । यता, यादवले भट्टराई अलग भएर गएपछि मात्र मन्त्री हेरफेर गर्ने सोच बनाका छन् । आफूसँग बहुमत भए पनि भट्टराईले त्यसलाई प्रयोगमा ल्याएनन । अध्यक्ष यादव पक्षबाट अझै केही नेता तानौं भन्ने सोच अध्यक्ष भट्टराईको थियो । यहि सोच्दा सोच्दै यादव बहुमतमा पुगे भने पार्टीमा एकल निर्णय गराउन पनि सफल भए ।

पार्टीमा नेतृत्वबीच असन्तुष्टि बढेपछि केन्द्रीय कार्यकारिणी समितिले संघीय परिषद् अध्यक्ष भट्टराई, अध्यक्ष यादव र वरिष्ठ नेता अशोक राई रहेको मुख्यालय गठन गरेको थियो । मुख्यालयलाई आपसी छलफलबाट निर्णय गर्ने जिम्मेवारी दिइएको थियो । मुख्यालयको निर्णयलाई केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय समितिबाट अनुमोदन गर्नुपर्ने व्यवस्था छ । गठनको साढे तीन महिना बित्दा मुख्यालयको बैठक एक पटक पनि बसेको छैन/।

यता पार्टीका हरेक निर्णयमा यादवले भट्टराईलाई क्रस गर्ने गरेका छन् । मन्त्री बनाउँदा होस् वा स्थानीय तहको टिकट दिँदा सबै निर्णयमा यादव नै हाबी छन् । यति सम्म कि दुवै नेताबीच बोलचाल पनि बन्द भएको छ ।

**बहुमत आफूसँग रहेको यादवको दाबी**

पार्टी विभाजन डिलमा पुगेको बेला अध्यक्ष यादव पक्षले आफूहरुसँग बहुमत रहेको दाबी गरेका छन् । पार्टी विभाजन भए २० केन्द्रीय कार्यकारिणी सदस्य आफ्नै पक्षमा रहने उनीहरुको दाबी छ । यस्तै १६ सांसद् पनि आफूहरूसँग रहने दाबी छ । अहिले जसपामा ३३ सदस्यीय कार्यकारिणी सदस्य र राष्ट्रियसभाबाहेक २१ सांसद् छन् । बहुमत नेता तथा सांसद्ले यादवलाई साथ

*बाँकी अन्तिम पृष्ठमा*

### भट्टराईसँग को-को

हाल अध्यक्ष भट्टराईलाई कार्यकारिणी सदस्य महिन्द्रराय यादव, राजकिशोर यादवले पनि साथ दिइरहेका छन् । यादव र भट्टराई आ-आफ्नो बाटो लागेमा भट्टराईलाई साथ दिइरहेका महिन्द्रा, राजकिशोरलगायतले के गर्लान् भन्ने चासो पनि छ । यस्तै भट्टराईलाई सुरुदेखि साथ दिएका प्रतिनिधिसभा सदस्य एवं कार्यकारिणी सदस्य इस्तियाक राइ, प्रतिनिधिसभा सदस्य एवं केन्द्रीय सदस्य प्रदीप यादव, राष्ट्रियसभा सदस्य एवं कार्यकारिणी सदस्य मृगेन्द्र कुमार सिंह यादव, सांसदहरू रुही नाज, प्रज्ञा ढकालगायत अहिले उनलाई छाडेर जसपा अध्यक्ष उपेन्द्र यादवको पक्षमा लागि सकेका छन् ।

यीमध्ये कतिपय नेताहरूले भट्टराई पक्षमा हस्ताक्षर नगरे पनि आवश्यक परे साथ दिने आश्वासन दिनुका साथै गुटको बैठकहरूमा पनि सहभागी हुँदै आएका थिए । तर पछिल्लो समय उपेन्द्र यादवले बोलाएको कार्यकारिणीको अनौपचारिक बैठकमा उनीहरूलगायत अध्यक्ष भट्टराई पक्षका अन्य नेताहरू पनि सहभागी भएका थिए । सोही बैठकपछि अध्यक्ष यादवको पक्षमा बहुमत जुटेको कतिपय नेताहरूको भनाइ छ । मन्त्री हेरफेरको निर्णय गरेसँगै अध्यक्ष भट्टराई पक्षमा रहेका नेता तथा सांसदहरू तितरबितर भएका छन् । अध्यक्ष भट्टराईको पक्षमा रहेका नेता तथा सांसदहरू उपेन्द्र पक्षतिर लाग्न थाले ।

## मधेशमा धान उत्पादनमा कमी

जनकपुरधाम । मधेश प्रदेशलाई नेपालकै अन्न भण्डार क्षेत्रको रुपमा लिइन्छ । सबैभन्दा बढी धान उत्पादन मधेशमा हुँदै आएको छ । नेपालमा हुने कुलधान उत्पादनको २० देखि २५ प्रतिशत उत्पादन मात्रै यस प्रदेशमा हुँदै आएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांकले देखाउँछ ।

प्रदेशका आठवटै जिल्ला मिलाएर ५ लाख ५५ हजार २१८ हेक्टर खेतीयोग्य क्षेत्रफल रहेकोमा ४ लाख ५ हजार ४५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुनुपर्ने मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मधश प्रदेशमा यसवर्ष अहिलेसम्म ४३ हजार ८ सय हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको मन्त्रालयका बाली विकास अधिकृत मनिष कुमार पालले जानकारी दिएका छन् । देशभर राष्ट्रिय धान दिवस मनाइ रहँदा मधेश प्रदेशमा अहिलेसम्म ११ प्रतिशत रोपाइँ सकिएको छ ।

मन्त्रालयका अनुसार मधेश प्रदेशमा अहिलेसम्म सबैभन्दा बढि पर्सा जिल्लामा रोपाइँ सम्पन्न भएको छ । पर्साको ५४ हजार ७३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार १३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन्छ । त्यहाँ अहिलेसम्म ९ हजार ४२६ हेक्टर (२०) प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भईसकेको मन्त्रालयले जनाएको छ ।



सप्तरी जिल्लामा कुल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गर्दछ । त्यहाँ यसवर्ष १० हजार २ सय हेक्टर (१५ प्रतिशत) क्षेत्रफलमा रोपाइँ भएको हो ।

यस्तै सिरहा जिल्लामा कुल ७३ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गर्दछ । सिरहामा यसवर्ष ७ हजार ५६० हेक्टर (१४) प्रतिशत रोपाइँ भएको मन्त्रालयले जनाएको छ ।

महोत्तरी जिल्लामा ६७ हजार ३५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ५ सय हेक्टरमा धान रोपाइँ हुने गरेको छ । त्यहाँ अहिलेसम्म ४ हजार ६५० हेक्टर (१०) प्रतिशत क्षेत्रफलमा मात्र रोपाइँ भएको छ ।

त्यस्तै, बारामा ६२ हजार ८२३ हेक्टर क्षेत्रफल

*बाँकी अन्तिम पृष्ठमा*

## एकताको पहल !

काठमाडौं । जसपा विभाजनको अन्तिम विन्दुमा पुग्दा यादव र भट्टाराईले लोसपासँग एकता गर्न प्रस्ताव गरेका छन् ।

एकीकरणका लागि अध्यक्ष यादवले सार्वजनिक आह्वान गरेपछि भट्टराईले पनि लोसपाका शीर्ष नेताहरूसँग भेटघाट गरेका छन् । भट्टराईले लोसपाका शीर्ष नेता राजेन्द्र महतोसँग एकताका विषयमा कुराकानी गरेका थिए । भट्टराईले एकताका लागि लोसपाका अध्यक्ष महन्थ ठाकुरसँग पनि छलफल गर्न तयारी गरेका छन् ।

लोसपाका नेताहरू जसपाका यादव पक्षसँग भन्दा भट्टराई पक्षसँग पार्टी एकीकरण गर्न इच्छुक देखिएका छन् ।

'जब जब यादव अप्ठयारोमा पर्नुहुन्छ, पार्टी एकीकरण गर्न हामीसँग प्रस्ताव गर्नुहुन्छ । तर एकीकरण गरेपछि बिर्सनुहुन्छ । त्यसैले यादवलाई विश्वास गर्न सकिन्न,' लोसपा नेता राजेन्द्र महतोले ***मधेशवाणी***सँग भनेका थिए । पार्टी एकीकरणका लागि अध्यक्ष यादवले अनौपचारिक प्रस्ताव गरेपछि जसपा र लोसपाका दोस्रो तहका नेताहरुीच पनि छलफल भएको छ ।

लोसपाका शीर्ष नेताहरू भट्टराई पक्षसँग एकीकरण गर्न इच्छुक छन् भने दोस्रो तहका नेताहरू भने यादव पक्षसँग एकीकरण गर्न इच्छुक देखिएका छन् । शीर्ष नेताहरू यादवबाट फेरि पनि धोका हुन सक्ने आशंका गर्छन् ।

यता, लोसपा मधेश प्रदेश समितिले जसपासँग एकीकरण नगर्न नेतृत्वलाई सुझाव दिएको छ । जनकपुरधाममा सम्पन्न भएको लोसपा नेपाल मधेश प्रदेश समितिको बैठकले निर्वाचनको मुखमा आएर पार्टी एकीकरण नगर्न पार्टी नेतृत्वलाई सुझाव दिएको हो ।

बैठकमा संगठन सुदृढीकरण, स्थानीय निर्वाचनको समीक्षा, पार्टीको सांगठनिक अवस्थालगायतका विषयहरुमा छलफल गरिएको थियो । बैठकमा स्थानीय निर्वाचनमा पार्टीका उम्मेदवारले पाएको मत र आगामी प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनमा अन्य पार्टीसँग चुनावी तालमेल गर्नेलगायतका विषयमाथि समेत छलफल गरिएको थियो ।

बैठकमा लोसपा नेपालका मधेस प्रदेश समितिका अध्यक्ष जितेन्द्र सोनलले जसपा अध्यक्ष उपेन्द्र यादवले कांग्रेस र कम्युनिस्टसँग मिलेर मधेशलाई कमजोर बनाएको आरोप लगाए । सोनलले मधेश आन्दोलनको मुद्दामाथि कुठाराघात गरेर पटक-पटक धोका दिएकाहरुको असली चरित्र जनतालाई देखाउन र मधेशवादका लागि सक्रिय रहन आग्रहसमेत गरे ।

## भारतीय राजदूतले बुझाए ओहोदाको प्रमाणपत्र



काठमाडौं । नेपालका लागि नवनियुक्त भारतीय राजदूत नवीन श्रीवास्तवले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेश गरेका छन् । ओहोदाको प्रमाणपत्र पेश गरेपछि राजदूत श्रीवास्तवले आजै प्रधानमन्त्री शेरबहादुर देउवासँग शिष्टाचार भेटवार्ता गरेका छन् ।भेटमा उनले भारतका राष्ट्रपति र प्रधानमन्त्रीले पठाएका शुभकामना सन्देश सुनाएका थिए । राजदूत श्रीवास्तवले हालै भएको प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धमा नयाँ गति प्रदान गरेको उल्लेख गरेका छन् । उनी नेपालका लागि भारतका २६ औं राजदूत हुन् । पूर्वराजदूत विनय मोहन क्वात्रा विदेश सचिवको कार्यभार सम्हाल्न २०२२ अप्रिलमा दिल्ली गएपछि श्रीवास्तव नयाँ राजदूतका रूपमा नियुक्त भएका हुन् ।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थलसम्बन्धी फैसलाको पूर्णपाठ सार्वजनिक

काठमाडौं। सर्वोच्च अदालतले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको विवादमा राय बाझिएको पूर्णपाठ सार्वजनिक गरेको छ ।

न्यायाधीशहरू हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत र डा.रु. मनोजकुमार शर्माको बृहत् पूर्ण इजलासले गत जेठ १२ गते गरेको फैसलाको आज सार्वजनिक भएको पूर्णपाठमा तीन न्यायाधीश र दुई न्यायाधीशको राय फरकफरक आएको छ ।

न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा र प्रकाशमान सिंह राउतको उक्त स्थानमा विमानस्थल बनाउन हुँदैन भन्ने राय आएको छ भने न्यायाधीश हरिकृष्ण कार्की र डा मनोजकुमार शर्माको निजगढको अहिले तोकिएकै स्थानमा विमानस्थल निर्माण हुन नसके पनि पुन:वातावरणीय मूल्याङ्कन गराउनसक्ने राय आएको छ।

तीन न्यायाधीशको रायमा सरकारले बारा जिल्लाको निजगढमा विमानस्थल निर्माण गर्न लागेको विमानस्थलको कामकारवाही त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर गर्ने ठहर गरेको छ । 'मन्त्रिपरिषद्बाट विसं २०७१ फागुन २९ मा गरिएको निर्णय र २०७१ चैत ३० मा चारकिल्ला तोकी विमानस्थल क्षेत्र भनी ८,०४५.७९ हेक्टर (८० वर्ग किलोमिटर) क्षेत्र विमानस्थलका लागि उपलब्ध गराउने गरी राजपत्रमा २०७५ जेठ ९ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गरिएको वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन छ', फैसलाको पूर्णपाठमा भनिएको छ, 'उक्त प्रतिवेदनमा उल्लिखित वन क्षेत्रको रुख कटान गर्ने सम्बन्धमा गरिएको निर्णय, तथा उपरोक्त उल्लिखित निर्णय, सूचना, प्रतिवेदनसमेतका आधारमा भए गरिएका काम कारवाही त्रुटिपूर्ण देखिएको हुँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ ।'




नेपालमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न विमानस्थलको आवश्यकता रहेको तथ्यमा विवाद नदेखिए पनि अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिनुपर्ने आवश्यकता रहेको कुरामा रिट निवेदकले पनि अन्यथा जिकिर गरेको नपाइएको फैसलामा उल्लेख छ । 'नेपालको हवाई उडानलाई व्यवस्थित, भरपर्दो, सुरक्षित र सुविधाजनक कायम गरिनु आवश्यक नै देखिन्छ', फैसलाको पूर्णपाठमा भनिएको छ, 'यस कुरामा धेरै चर्चा, परिचर्चा गरिरहनु आवश्यक पनि छैन, तर यसरी विमानस्थल निर्माण गर्दा दिगो विकासको अवधारणा, जैविक विविधताको संरक्षण, अन्तरवंशीय समन्याय, वातावरण संरक्षणको अनिवार्यता जस्ता कुराप्रति अन्देखा गर्न वा त्यस प्रकारका कुरालाई अवमूल्याङ्कन गरी हेर्न भने हुँदैन ।'

विकास निर्माणको कार्य गर्दा केही वातावरणीय क्षति हुनु स्वभाविक भए पनि त्यस प्रकारको क्षतिलाई हरसम्भव न्यूनीकरण गर्नेतर्फ पर्याप्त वैकल्पिक उपाय अपनाउनुपर्ने उल्लेख छ ।

पर्यावरण संरक्षण र दिगो विकाससम्बन्धी अवधारणा अहिले कानूनीरूपमा पनि निर्धारित र परिभाषित यस्ता समग्र कानूनको समुचित अनुसरण गरी दिगो विकासको मान्यताअनुसार विकास आयोजना कार्यान्वयनमा ल्याइनुपर्ने फैसलामा उल्लेख छ ।

यसका लागि वातावरण प्रभाव मूल्याङ्कन गर्ने कार्यलाई विधि, पद्धति र प्रक्रियाअनुसार वस्तुगत र विश्वसनीय तुल्याउन पनि आवश्यक हुने उल्लेख छ । 'हवाई उडानको आर्थिक तथा प्राविधिक सम्भाव्यतासमेतका कुरा सम्बन्धमा वातावरण, वन, वन्यजन्तु, हवाई उडान व्यवस्थापन, अर्थशास्त्री, समाजशास्त्री, प्रशासनविद्लगायत सम्बन्धित विषयगत विज्ञता भएका आवश्यक सङ्ख्याका तटस्थ, निष्पक्ष तथा दक्ष विषय-विज्ञको समूहबाट उपलब्ध विकल्पसहित वातावरणीय क्षतिलाई हरसम्भव न्यूनीकरण गर्ने उपाय पहिल्याइएको छ', फैसलाको पूर्णपाठमा भनिएको छ । त्यस्तै फैसलाको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# बाढी व्यवस्थापनमा तदारुकता

बाढी, पहिरो तथा भूकम्प जस्ता विपत्तिलाई प्राकृतिक प्रकोप भनिन्छ । यस्ता प्राकृतिक प्रकोपबाट सृजित जोखिमहरू लाई विपद् भनिन्छ । विश्वमा प्राकृतिक रूपमा हुने प्राकृतिक र मानवीय क्षतीलाई विपद् भनिन्छ । नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर, भूकम्प आदि प्रकोप प्रायः प्रत्येक वर्ष आउछ र यसले ठूलो परिमाणको मानवीय, भौतिक एवं विभिन्न क्षति पुऱ्याउँछ । यस्ता प्रकोपबाट वर्षेनी हजारौंलाई प्रभावित, घरबारविहीन बनाउँदै आएको छ । वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्वतयारी नगर्नु, विपत्को सामना गर्न तयारी अवस्थामा नबस्नु र उचित स्रोत साधनको व्यवस्था गर्न नसक्नु जिम्मेवार तह एवं निकायको ठूलो भूल हो । त्यसैले यस्ता प्राकृतिक विपत्ती आकस्मिकता भए पनि दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिँदा वर्षेपिच्छे एउटै समस्याबाट पीडित भइरहेका छौं । वर्षायामसँगै मधेशमा हुने बाढीको समस्या आजको मात्र होइन ।

प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदैन तर यसबाट हुने अनपेक्षित परिणाम आउनु नै संकट हो । मधेश बाढीको उच्च जोखिममा छ भन्ने कुरा विदितै छ । मधेश प्रत्येक वर्ष बाढीले जीवन तथा भौतिक क्षति गर्छ भन्ने सर्वविदितै छ । अहिले बर्षाको समय सुरु भएकाले बाढी आउने सम्भावना विगतका वर्ष जस्तै अहिले पनि छ । मधेशमा बाढीको प्रकोप भयावह देखिन्छ ।

धान उत्पादनको यो समयमा सम्पूर्ण मधेश बाढीले आक्रान्त हुँदैछ । बाढीले मधेशी जनताको गाँस त खोस्छ नै त्यसका लागि प्रदेश सरकारको तदारुकता के छ, बाढी आउन नदिन र आइसकेपछि त्यसको व्यवस्थापन सरकारले कसरी गर्दैछ? यो मननीय प्रश्न हो ।

> मधेशका बस्ती, भौगोलिक बनावट, अवैज्ञानिक सडक, तटबन्ध, बाँध जस्ता संरचना आदि र प्रकृति प्रकोपको सम्बन्धबारे प्राविधिक सामाजिक विश्लेषण जरुरी छ । प्रकोपमा कहीँ कतै मानवीय क्रियाकलाप नै मुख्य जिम्मेवार त छैनन् भनेर विगतको समीक्षा र आगामी योजना बनाउनु नितान्त आवश्यक छ ।

जोखिम, विपत् र संकटमा सूचना प्रविधिको पर्याप्त प्रयोग गर्नु पर्दछ । हामीले जति सक्दो चाँडो सुधार गरेर प्रविधिलाई सार्वजनिक सेवाप्रवाहमा अधिकतम उपयोग गर्दै जनताको दैनिक जीवन सहज बनाउन अति जरुरी छ । यस्ता प्राकृतिक प्रकोपहरु वर्षेपिच्छे आउने गर्छन् । यो विषयमा जिम्मेवार तहले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु नै संकटपछिको विपतलाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारण हो । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यकता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन आदि गरेर बाढीजन्य प्रकोपबाट केही हदसम्म जोगिन सकिन्छ ।

सबै प्रकारको प्रकोपबाट जोगिन जोखिम न्यूनिकरणको उचित व्यवस्थापन हुन जरूरी छ । प्रदेश सरकार, नागरिक समाज, राजनीतिक दल, कर्मचारी एवं सुरक्षाकर्मी सबै विपद न्यूनीकरणमा एकजुट भइ सकारात्मक योगदान पुराउनु आजको आवश्यकता हो ।

मधेश प्रदेशका आठवटै जिल्लामा हुने कटान, बाढी र डुबानले केही सन्देश दिएका छन् । यी प्रकृति प्रकोपविरुद्ध राहत र पुनःस्थापना नै पर्याप्त पहल होइनन् । मधेशका बस्ती, भौगोलिक बनावट, अवैज्ञानिक सडक, तटबन्ध, बाँध जस्ता संरचना आदि र प्रकृति प्रकोपको सम्बन्धबारे प्राविधिक सामाजिक विश्लेषण जरुरी छ । प्रकोपमा कहीँ कतै मानवीय क्रियाकलाप नै मुख्य जिम्मेवार त छैनन् भनेर विगतको समीक्षा र आगामी योजना बनाउनु नितान्त आवश्यक छ । हरेक वर्ष प्रकोप, राहत तथा उद्धारको नियमित आकस्मिकता रोक्न अवका दिनमा भिन्न कोणबाट परिचालित हुनुपर्छ । मधेश क्षेत्र डुबानमा पर्नुका अन्य कारण पनि छन् । नदी नियन्त्रणका सन्दर्भमा प्रभावकारी काम नहुनु, बजेटको अभाव रहनु, भएका काममा समेत गुणस्तरीयता नहुनुजस्ता अवाञ्छनीय पक्षले गर्दा मधेशवासी सदैव रुन बाध्य छन् ।

बाढीको विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि पूर्वसचेतना कार्यक्रम, विपद्का बखत तत्कालका उद्धारका प्रबन्ध, अल्पकालीन र दीर्घकालीन राहतका काम पनि गहन समीक्षाका विषय बनेका छन् । बाढीको बढी जोखिम भएका ठाउँमा जनधनलाई अधिक महत्व दिनैपर्छ । त्यस्ता जोखिमपूर्ण ठाउँमा भएका बस्ती वा परिवारलाई स्थानीय क्षेत्रमै सुरक्षित बसोवास, खानपान र औषधोपचारको व्यवस्था गर्नुपर्छ । बाढीपहिरो आदि विपत्तिमा परेकालाई मनोवैज्ञानिक रूपमै उत्साही तुल्याउन नसके अपेक्षित सफलता प्राप्त हुन सक्दैन, तसर्थ यस्ता काममा विशाल छाती प्रदर्शन गर्न चुक्नुहुँदैन ।

# मुद्दाविहीन मधेशको राजनीति

**विचार-विश्लेषण** भाग-१४०



उपेन्द्र झा

> क्षयीकरणका शिकार भएका मधेशका पार्टीहरु ढिलो चाँडो अस्तित्वको खतरा बोक्न बाध्य हुन् पर्छ । मधेशले दिएको जनादेश यसरी धन कमाउन नभई अधिकारको सुनिश्चितताका लागि दिएको हो । यसका विपरित मधेशका मुद्दा छाडी १५ वर्षसम्म आफ्नो स्वार्थमा चुर्लुम्म डुबेका दलहरु सतपथमा आएन भने राजनीतिक बृतबाट ओझेलमा पर्ने अवस्था आउन सक्दछ ।

मधेश आन्दोलन पश्चात् त्यो भएन यो, यो भएन त्यो भन्दै मधेशमा अनेक राजनीतिक दल खुले । शान्तिपूर्ण आन्दोलनबाट चित्त नबुझ्नेकाहरुले सशस्त्र आन्दोलनको शुरुवात गरे । सशस्त्र आन्दोलन गर्ने दर्जनौ पार्टीहरु मधेशमा देखा परे । मधेश आन्दोलन पश्चात् सशस्त्र समूहहरुमा सरकारसंग वार्ता गर्ने होडवाजी नै चल्यो । एकसाल नबित्दै सबै समूहहरु शान्तिपूर्ण राजनीतिको मूलधारमा आएर आफ्नो अस्तित्व नै गुमाए । मधेश आन्दोलनको बेला सशस्त्र समूहको यो भेल आखिरमा के आशय लिएर देखा परे ? किन उदाए, किन बिलाए, यो मधेश आन्दोलनको नाटकीय प्रहसन कसैलाई आकर्षित गर्न सकेन ।

मधेशको मुद्दालाई आफ्नै आफ्नै दृष्टिकोणबाट परिभाषित गर्दै मधेशको हक अधिकार लिन सशस्त्र मार्ग एकमात्र विकल्प रहेको मान्यता राख्ने सशस्त्र समूह मधेश आन्दोलन पश्चात् आफ्नो वैचारिक अडान परिवर्तन गर्ने के कारण थियो ? यो कस्तो संघर्ष थियो जो जनता समक्ष जान सकेन । वास्तवमा मधेश मुद्दाप्रति यिनको वैचारिक अडान नै थिएन । मधेश आन्दोलनमा खेल्न जन्मेका सशस्त्र समूह आन्दोलन पश्चात् अस्तित्वमा रहन सकेन ।

मधेश विद्रोह असलमा राज्यसत्ता र शासकवर्गका लागि ठूलो चुनौती थियो । संघीयतामा लैजाने मधेशको आवाज शासकवर्गको अस्तित्वसंग जोडिएको विषय भएकोले चिन्ता हुनु स्वाभाविक थियो । तर मधेशको आवाजलाई नजरअन्दाज गर्न पनि सजिलो थिएन । वर्गीय अस्तित्वलाई रक्षा गर्दै यो प्रणालीलाई आफ्नो स्वार्थ अनुकूल कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा शीर्ष तीन दल एकमत भए । मधेशलाई टुक्रा टुक्रा पारि आफ्नो मनोनुकूल सात प्रदेशको संविधान सार्वजनिक भयो ।

मधेश र राज्यसत्ताबीचको अन्तर्विरोध चरम आक्रामक छ । यो भेदभाव अन्तर्मनबाट प्राकृतिक रुपले उठेको छ । मधेशको बढ्दो जनसंख्याको चापले शासकवर्गको अस्तित्वको संकट गहिरिदै गएको कुरालाई उनी बिर्सिन सक्दैन । राजनीतिक अगुवाहरुलाई प्रलोभनमा राखेर सत्तास्वाद चखाउँदासम्म मधेशको आवाज शान्त हुने बलियो आधार देखेकोले उनलाई कुनै न कुनै प्रकारले मन्त्रीमा राखी राख्ने बाध्यता छ । सो कार्यमा शासकवर्ग पछि हटेको देखिदैन । लोसपाको विभाजनपछि पनि अस्तित्व संकटमा पर्दा २० प्रतिशतको अध्यादेशमार्फत लोसपाको अस्तित्व बचाएको थियो । हालाकि यसमा माधव नेपालको नेकपा एकीकृत समाजवादी पनि संकटमुक्त भएको थियो ।

मधेश आन्दोलनको त्रासदीबाट बच्न अनेक सूक्ष्म रणनीति बन्न थाल्यो । मधेश आन्दोलनलाई निस्तेज पार्न पहिला पार्टी विभाजन गरि आउनेलाई मन्त्री बनाउने होडवाजी शुरु भयो । यसमा मधेशको मुद्दाभन्दा अवसरको खोजीमा रहेका दिग्गज राजनीतिज्ञ भनाउँदाहरु विजय कुमार गच्छदार, जयप्रकाश गुप्ता, राजकिशोर यादव, महेन्द्र राय यादव, अनिल झालगायत धेरै जना पार्टी विभाजन गरि राज्यसुखको अवसर प्राप्त गरे । बिकाऊ माललाई जतिबेला पनि किन्न सकिन्छ भन्ने राम्रो अभ्रत्र शासकवर्गले खोजी गरे । कुकुरद्वारा लखेटिदा रोटी फ्याँकेर बच्न सकिन्छ भन्ने मान्यताबाट नै शासकवर्गले यो गर्न शिक्षा लिएको हुनु पर्दछ ।

मधेश मुद्दाभन्दा राज्यसुख अधिक महत्वपूर्ण ठान्ने महन्थ ठाकुरबाहेक मधेशको राजनीतिक वृतमा कोही छैनन् । राजनीति जोगी हुनका लागि गरिदैन भन्ने मान्यतालाई प्रधानताका साथ अनुशरण गर्ने मधेश मामिलाका जानिफकारहरुको मूलमन्त्र हो । स्वार्थ पूरा नहुँदा मधेशका मुद्दा उठि रहने चलन त छँदैछ । राज्यसुखबाट बञ्चित रहेको बेला सडक र सदन दुवै संघर्ष गरेर संघर्षको नजिर पनि बनाएर राखेका छन् । यसरी मधेश मुद्दा ओझेलमा परेको छ ।

अवसरवादीहरुको जमघट रहेको पार्टी चलाउन सजिलो पनि छैन । स्वार्थ पूरा नहुँदा पार्टी विभाजन गरि जाने नेताजीहरुलाई मधेश मुद्दासंग के सरोकार ? चुनावमा असीम खर्च गरि जितेर आउने पहिले खर्चको पैसा उठाउने चिन्ता हुन्छ । खर्च भएको पैसा उठाउन जेपनि गर्न तयार (पार्टी फोड्ने, मन्त्री बन्न शासकको गुलामी गर्ने) रहने मधेशका राजनीतिज्ञहरु आफ्नै धरातलमा अल्पमतमा पर्दै गएको चिन्तासंग कुनै वास्ता राख्दैनन् ।

राजनीतिभन्दा बाहिरका तस्कर, व्यापारीहरुसंग करोडौं रुपियाँ लिएर पार्टी चलाउने अध्यक्षले जे रोपेको छ, त्यही काट्ने हो । गैर राजनीतिक भीडमा परिणत पार्टीहरु पैसाका लागि जेपनि गर्ने ईच्छा राख्दछ । त्यस्तो पार्टीले मधेश मुद्दासंग कसरी तादात्म्य राख्न सक्दछ । मधेश मुद्दालाई सम्बोधन गराउन राज्यसुखबाट बञ्चित हुने ठूलो खतरा रहेकोले मुद्दा पछाडि पर्नु स्वाभाविक हो । त्यसकारण यथास्थितिको चंगुलमा फँसेको मधेशका राजनीतिक दलहरु अहिले पार्टीको संकट झेली रहेका छन् ।

राजनीतिक रुपले पार्टीलाई संगठित गर्न असक्षम र इजी मनीका लागि प्रयोग गरेका कारण पार्टी अराजक भीडमा परिणत भएको छ । पार्टीभित्र अध्यक्ष सर्वेसर्वा भएकोले राज्य सुविधा र आर्थिक सहयोग प्रत्यक्ष रुपमा अध्यक्ष नजिक जाने भएकोले अध्यक्ष वरिपरि गुलामहरुको संख्या बढ्नु स्वाभाविक हो । राजनीतिक रुपबाट संगठित पार्टीमा अध्यक्ष यसरी मनोमानी गर्न सक्दैन । आफ्नो स्वार्थ अनुसार मनोमानी यसै ढंगबाट हुँदा राजनीतिक पार्टीको के आवश्यकता रह्यो । चुनावमा यत्रो खर्च गरेर साँसद बनेकाहरु अध्यक्षको मनोमानी बर्दास्त गर्न सक्दैन र पार्टी विभाजन गरेर भएपनि अवसर प्राप्त गर्छन् ।

लोसपाका साँसदहरु मन्त्री बन्ने अवसर नपाएर जसपामा गए । त्यहाँ पनि अवसर नपाएर बाबुराम खेमामा पार्टी विभाजन गर्न गोलबन्द भएका छन् । यसरी आफ्नो स्वार्थमा रमाउने मधेशका तथाकथित नेताज्यूहरु अहिले बिल्ली बाँटमा परेका छन् । आफ्नो जातले पनि साथ छोडेपछि अब के लिएर राजनीति गर्ने ? तर यी सबै प्रतिकूल भएपनि नाम त स्थापित छ । प्लेटफार्म कहिल्यै पनि मानिस बोलाउने काम गर्दैन । प्लेटफार्ममा मानिस आई रहन्छ गई रहन्छ । पार्टी अध्यक्षले पार्टी विभाजनको किञ्चित चिन्ता गर्दैन । राजनीतिमा उनको हिस्सा सुरक्षित छ ।

तर क्षयीकरणका शिकार भएका मधेशका पार्टीहरु ढिलो चाँडो अस्तित्वको खतरा बोक्न बाध्य हुनु पर्छ । मधेशले दिएको जनादेश यसरी धन कमाउन नभई अधिकारको सुनिश्चितताका लागि दिएको हो । यसका विपरित मधेशका मुद्दा छाडी १५ वर्षसम्म आफ्नो स्वार्थमा चुर्लुम्म डुबेका दलहरु सतपथमा आएन भने राजनीतिक बृतबाट ओझेलमा पर्ने अवस्था आउन सक्दछ । त्यसकारण सचेत हुन जरुरी देखिन्छ ।

janukjha24@gmail.com

# प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था आवश्यक : प्रभु साह



रौतहट । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का स्थायी कमिटी सदस्य प्रभु साहले देशको राजनीतिक संकट टार्न संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्न आवश्यक रहेको बताएका छन् ।

देवाही गोनाही नगरपालिकाको छैटौं बजेट अधिवेशनको उद्घाटन गर्दै एमालेका स्थायी कमिटी सदस्यसमेत रहेका नेता साहले आउँदो संसदीय निर्वाचनको सट्टा तत्काल संविधान संशोधन गरि कार्यकारी प्रमुखको व्यवस्था गरी त्यसको चुनावतिर लाग्नुको विकल्प नरहेको बताए ।

नेता साहले संसदीय प्रणालीबाट मुलुकमा निरन्तर अस्थिरता पैदा भएको र त्यसैको फलस्वरुप देशमा भ्रष्टाचार र महँगी अचाक्ली बढेको बताए ।

वाम एकता जस्तो ऐतिहासिक प्रयासका साथै अन्य सबैखाले उपायहरु अपनाउदा समेत स्थिर सरकार दिन नसकेको बताउदै नेता साहले जनताबाट प्रत्यक्ष निर्वाचित प्रमुखको व्यवस्था गरे मात्र अहिलेको संकट टर्ने बताए ।

'मिश्रित संसदीय प्रणालीमा चलिरहेको देशको वर्तमान समयमा स्थिरता कायम गर्न धेरै प्रयासहरु भए । विगत विभिन्न दलहरुको सहकार्य देखि ऐतिहासिक वाम गठबन्धन हुँदै बहुमत सहितको नेकपा पार्टी निर्माणसम्मका प्रयासहरुले पनि ५ वर्ष सरकार टिक्न सकेन । अहिले पनि टालिटुलि बनाएको सरकार कुन दिन ढल्छ थाहा छैन ।" नेता साहले भने, 'यी सबै संकटको एकमुष्ट निवारण भनेकै संविधान संशोधन गरी प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था गर्नु हो ।

अस्थिर सरकार तथा सत्ता टिकाउन जे पनि गर्न पर्छ नहट्ने अभ्यासका कारण देशमा भ्रष्टाचार र महँगी अचाक्ली बढेको उनको ठहर छ । जारी संसद अधिवेशनबाट नै संविधान संशोधन गरी प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था गर्न माग गरेका छन् ।

'प्रधानमन्त्री बन्न पार्टी फुटाउने, विभिन्न जालझेल र षड्यन्त्र गर्ने कार्य रोक्न तथा कम्तीमा ५ वर्ष स्थिर सरकार निर्माण गर्नका लागी मुलुकमा अब आम नेपाली जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारीको नेतृत्व जरूरी छ ।' नेता साहले थपे, "अबको ४/५ महिनामा हुने संसदीय निर्वाचनको सट्टा तत्काल अहिलेको संसद अधिवेशनमा संशोधन प्रस्ताव पेश गरेर प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्छ र आउँदो चुनाव कार्यकारी प्रमुखको चुनाव हुनुपर्छ । यस कार्यका लागि नेकपा एमालेले साथ दिनेछ ।"

शक्ति पृथकीकरण र शक्ति सन्तुलनको तालमेलको पनि अभावले गर्दा अस्थिरता र अराजकता अझ बढ्ने निश्चित रहेकोले सबै मिलेर कार्यकारी प्रमुखको व्यवस्था गराउनेतर्फ लाग्नुपर्ने नेता साहको भनाई छ ।

# यादव र भट्टराईबीच सैद्धान्तिक विमति छ

डा. भट्टराई संघीय परिषद्को अध्यक्ष हुनुहुन्छ । यदि उपेन्द्रजी यस्तो गर्नुभएको छ भने कुन दिन उहाँहरू बस्नुभयो ? कुन बैठकमा उपेन्द्रजीले एक्लै निर्णय गर्नुभयो ? उपेन्द्रजीले एक्लै निर्णय गर्नुभयो, हामीहरूलाई राख्नु भएन भनेर उहाँहरूले भन्नुभएको छैन । यदि कुनै निर्णय भएको छ भने तीनै जना दोषी हो ।



**अमरेशनारायण झा**

**नेता, जनता समाजवादी पार्टी नेपाल**

**० जसपा गठन भएको वर्ष दिन नपुग्दै विभाजनको संघारमा पुगेको छ । अहिले पनि पार्टीमा विवाद छ । के पार्टी विभाजन हुन लागेको हो ?**

– बाहिर हल्ला चलेको जस्तो पार्टीमा अहिले त्यस्तो देखिएको छैन । बाहिर समाचार माध्यमहरूमा बढी नै यो कुरा आएको छ । खास गरी शीर्ष नेताहरूमा 'अन्डरस्टान्डिङ'को समस्या अलिकति दखिएको छ । त्यसले गर्दा केही कुरा भएको छ । तर, पार्टी फुट्ने स्थितिमा पुगेको छैन । त्यस्तो हामीले देखेका छैनौं । त्यो स्थिति आइपुगेको छैन ।

**० जसपाका नेताहरूले सञ्चारमाध्यमहरूमा दिएको अभिव्यक्तिबाट पनि पार्टीभित्र सबै कुरा ठिक छैन भन्ने देखाउँछ नि ?**

– अहिले विशेष गरी भट्टराईजी (डा.बाबुराम भट्टराई) र उपेन्द्रजी (उपेन्द्र यादव) को कुरा आएको छ । उहाँहरूले मिडियामा त्यस्तो केही बोल्नुभएको छैन । उहाँसँग लागेका केही साथीहरूले कहिलेकाहीँ चर्को कुरा गर्नु हुन्छ । नेताहरूबाट यस्तो कुरा सार्वजनिक रूपमा आएको छैन । उहाँहरू त्यो स्थितिमा पुगिसक्नुभएको छैन । तर, केही नेताहरू मिडियामा बोलेको देखिन्छ ।

**० अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईबीच खास के विवाद हो ? सैद्धान्तिक विवाद हो कि जुँगाको लडाइँ हो ?**

– यो अलिकति सैद्धान्तिक पनि हो । पार्टीमा महन्थ ठाकुर रहेका बेला कार्यकारिणी दुई जनाको व्यवस्था विधानमा छ । त्यस्तै, एक पद एक व्यक्तिको व्यवस्था पनि विधानमा छ । विधानको यो व्यवस्था मूल जीवन हो । त्यसमा अलिकति फरक छ । अध्यक्ष उपेन्द्रजी र केही साथीहरूको के मान्यता छ भने पार्टी सामूहिक कार्यकारिणी अध्यक्षको स्थितिमा गयो भने निर्णय गर्न साह्रै अप्ठ्यारो हुन्छ । पार्टीलाई समस्या हुन्छ । त्यसैले एउटै अध्यक्ष रहनुपर्छ । दुई कार्यकारिणी अध्यक्ष राख्नु हुँदैन । र, उहाँ (डा. भट्टराई) संघीय अध्यक्ष हुनुहुन्छ । अब साथीहरूले एक व्यक्ति एक पदको कुरा गरिरहेका छन् । तर, यो कुरा बाबुरामजीलाई उपयुक्त लागिरहेको छैन । उहाँको भनाइ के छ भने अहिले यसो नगरौं । एक व्यक्ति एक पद गर्दा उहाँहरूलाई अप्ठ्यारो लागिरहेको छ । यही कुरामा अलि डिफरेन्सेज आएको छ । एउटा समूहको सोच के छ भने पार्टीमा एउटै व्यक्ति कार्यकारिणी हुँदा राम्रो हुन्छ । अर्को समूहको सोच यस्तो गर्नुहुँदैन भनने छ । अरु खास इस्यू छैन । यसबाहेक कुरा गर्ने हो, कसैलाई मन्त्री बन्ने स्वार्थ हुन सक्छ । यो कुरा त सबै पार्टीमा चलिरहन्छ ।

**० उपेन्द्र यादव र डा. बाबुराम भट्टराईबीच जुँगाको लडाइँ हो ?**

– होइन । यसलाई जुँगाको लडाइँ नभनौं । यो सैद्धान्तिक कुरा हो । पार्टी नयाँ दृष्टिकोण लिएर स्थापित भएको हो । उपेन्द्रजी र उहाँका कार्यकर्ता आन्दोलनबाट आएका हुन् । बेग्लै आन्दोलनबाट आएका हौं । अर्को पक्ष भट्टराई हुनुहुन्छ, उहाँ अर्को सोचबाट अगाडि बढ्नुभएको हो । अर्को आन्दोलनबाट आउनुभएको हो । हामी एक ठाउँमा आउँदाखेरि केही डिफरेन्सेज हुनु स्वभाविक हो । यस्तो कुरा चलिरहन्छ । यो समस्याको समाधान पार्टीमा बैठक गरेर हुन्छ । एक किसिमले जीवन्त पार्टीको लागि यो कुरा राम्रै हो । सिद्धान्त फरक मत राख्नु कुनै ठूलो कुरा होइन । त्यो डिफरेन्सले गर्दा पार्टी नै फुट्छ जस्तो मलाई लाग्दैन । यो कुरामा बृहत् चर्चा हुनुपर्छ ।

**० भनेपछि यो विवादले विभाजन निम्त्याउँदैन ?**

– निम्त्याउँदैन । हामीले देखेअनुसार र अनुभव गरेअनुसार त्यहाँसम्म पुगिसकेका छैनौं ।

**० कार्यकारीको विषयमा मात्र विवाद हो ?**

– सुरुमा बाबुरामजी आउँदाखेरि हाम्रो अन्डरस्ट्यान्डिङ क्लियर थियो । उहाँ संघीय परिषद्को अध्यक्ष र उपेन्द्रजी कार्यकारिणी अध्यक्ष भनेर क्लियर अन्डर स्ट्यान्डिङ नै थियो । अब महन्थजी आउँदाखेरि दुई कार्यकारिणी अध्यक्षको प्रणाली लागू भएको थियो । विधानमा त्यसरी संशोधन गर्नुपर्‍यो । उहाँ गएपछि हाम्रो एकल अध्यक्ष हुनुहुन्छ । दुई अध्यक्ष हुँदा आउने समस्याहरू हामीले देखेका थियौं । यो समस्या हामीले झेल्यौं, हाम्रा कार्यकर्ताले झेले । त्यहि भएर एउटा समूहमा स्पष्ट सोच छ कि दुई जना कार्यकारिणीमा नराखौं । यो विषयमा हामीले पार्टीको महाधिवेशनमा छलफल गरौंला । महाधिवेशनबाट आउने निर्णयअनुसार अगाडि बढौंला । अहिलेलाई उहाँहरू आ-आफ्नो पदअनुसार नै जानुपर्छ । हामीले एकदमै छिटो एक व्यक्ति एक पदको नीति अवलम्बन गर्नुपर्छ । यस्तो भयो भने हामीले धेरै कार्यकर्तालाई पार्टीको क्रियाकलापमा सहभागी गराउन सक्छौं । यसले गर्दा पार्टीलाई मजबुत बनाउन सहयोग गर्छ । यो नै हाम्रो सोच हो । यही कुराहरू चलिरहेका छन् ।

**० एकल अध्यक्ष हुँदा एकलौटी निर्णय गर्ने आरोप उपेन्द्र यादवमाथि लाग्दै आएको छ । जसले गर्दा उहाँ नेतृत्वको पार्टी पटकपटक फुटकै छ । यस्तो नहोस् भनेर पनि भट्टराई पक्षले यो माग गरेको हुन सक्छ नि ?**

– होइन । त्यो बहाना मात्र हो । केही महिनाअघि केन्द्रीय कमिटी र संघीय परिषद्को बैठक भएको थियो । केन्द्रीय कमिटीको बैठकले केन्द्रीय समितिको बैठक नचलेको अवस्थामा तीन जना नेता बाबुराम भट्टराई, उपेन्द्र यादव र अशोक राईको पयारामिड नै बनाएका थियौं । उहाँहरूको सामूहिक निर्णयबाट यो पार्टी चल्ने हो । कुनै कुरा हुँदा तीन जनाको सहमतिबाट हुने गरी जिम्मेवारी दिइएको थियो । तीन जनाको सामूहिक निर्णयबाट पार्टीलाई अगाडि बढाउने हो । यस्तो निर्णय भएको अवस्थामा उहाँ एकल निर्णय लिएर जानु हुन्छ जस्तो मलाई लाग्दैन । बाबुराम भट्टराई र अशोकजी कसैले यो विषय उठाउनुभएको छैन । भनेपछि कसरी हामीले उपेन्द्रजीलाई दोष दिने ? तीन जनाको केन्द्रीय कार्यकारिणी समिति बनिसकेको अवस्थामा बैठकहरू डाक्ने अधिकार उहाँलाई पनि छ । डा. भट्टराई संघीय परिषद्को अध्यक्ष हुनुहुन्छ । यदि उपेन्द्रजी यस्तो गर्नुभएको छ भने कुन दिन उहाँहरू बस्नुभयो ? कुन बैठकमा उपेन्द्रजीले एक्लै निर्णय गर्नुभयो ? उपेन्द्रजीले एक्लै निर्णय गर्नुभयो, हामीहरूलाई राख्नु भएन भनेर उहाँहरूले भन्नुभएको छैन । यदि कुनै निर्णय भएको छ भने तीनै जना दोषी हो । यसमा एक जनालाई दोष दिन मिल्दैन । त्यसैले यो विषयलाई उठान गर्नु त्यति उपयुक्त हुँदैन । तीनै जना एउटै स्तरका नेता हुन् । स्टाटसको कुरा गर्ने हो भने भट्टराईजी त्यही स्तरका नेता हुनुहुन्छ । हो, काम गर्दा हामीले काम छुट्याएका छौं । तपाइँ संघीय परिषद्को अध्यक्ष हुनुहुन्छ । तपाइँ दैनिक कार्य हेर्ने अध्यक्ष हुनुहुन्छ । तपाइँ वरिष्ठ नेता हुनुहुन्छ । तपाईँलाई थाहै होला हामी चुनावमा जाँदा उम्मेदवार छनौट र सही गर्ने अधिकार वरिष्ठ नेतालाई दिएका थियौं । अशोक राईजीलाई दिएका थियौं ।

**० तर, दुई तीन दिनअघि मात्र कार्यकारिणी समितिको बैठक बसेको थियो । त्यसमा मन्त्री हेरफेर गर्ने, स्पष्टीकरण सोध्नेलगायत निर्णयहरू गरिएको थियो । त्यो बैठकमा उपेन्द्र यादव पक्षका व्यक्तिहरू मात्र उपस्थिति भएको बताइन्छ नि ?**

– त्यसमा उपेन्द्रजी भन्दा बढी दोषी भट्टराईजी हो । किन भने भट्टराईजीले यो बीचमा सदस्यहरूको हस्ताक्षर नै गराउन थाल्नुभयो । कसैलाई उहाँले मन्त्री बनाइदिने त कसैलाई के बनाइदिने भन्नुभयो । त्यसैले यो कार्यमा उहाँको समूह हो कि भट्टराईजी आफैँ संलग्न हुनुहुन्छ, त्यो कुरा बाहिर आइसकेको छैन । तर, भट्टराई पक्षका व्यक्तिहरूले हस्ताक्षर गराउनेलगायत काम गरेका छन् । जसले गर्दा पार्टीमा अलिकति विवाद देखियो । त्यो विवाद साम्य पार्न कार्यकारिणी अधिकार रहेको अध्यक्ष उपेन्द्रजीले बैठक बोलाउनुभयो । बैठकले सर्वसम्मतिमा निर्णय गरेको छ ।

# गठबन्धन हुन्छ, सीके राउत पनि चुनाव लड्नु हुन्छ



**ई.बसन्त कुशवाहा**

**राष्ट्रिय उपाध्यक्ष, जनमत पार्टी**

डा.सीके राउत निश्चितरुपमा चुनाव लड्नुहुन्छ । उहाँ प्रतिनिधिसभाका लागि नै उम्मेद्वारी दिनुहुन्छ । तर कहाँबाट दिने त्यो अहिले नै निर्णय भइसकेको छैन । उहाँ चुनाव नलड्ने मनसायमा हुनुहुन्थ्यो तर हाम्रा पार्टीका नेता कार्यकर्ताहरुको दबाबका कारण चुनाव लड्ने निष्कर्षमा पुग्नुभएको हो ।

**० स्थानीय चुनावबाट प्राप्त नतिजालाई कसरी हेर्नुभएको छ ?**

– यस पटकको स्थानीय चुनाव हाम्रो लागि पहिलो नै थियो । त्यो हिसावले पार्टीमा सुरुदेखि नै लागेकाहरुलाई उम्मेद्वार बनाएका थियौं । स्थानीय चुनावमा हाम्रो पक्षमा त्यति राम्रो परिणाम नदेखिएपनि सुरुवात राम्रो हो । चुनावमा ७९ वटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएका थिए, जसमध्ये जनमत पार्टी १०औं स्थानमा आएको छ । लोकप्रिय मतको हिसावले पनि हामीले करिब सवा लाख भोट पाएका छौं । त्यसैले हाम्रो लागि यो अति नै उत्साहजनक परिणाम हो । आगामी दिनमा कसरी अगाडि बढ्ने भन्ने कुराको अनुभव पनि प्राप्त गरेका छौं ।

**० जनमत पार्टीको कुनै कार्यक्रम हुँदा हजारौं आमजनताको सहभागिता देखिन्थ्यो, तर त्यो ब्यालेटको रुपमा परिणत हुन सकेन, नि ?**

– हामीले करिब १८० ठाउँमा चुनाव लडेका थियौं । चुनावको दुई/तीन दिन पहिलासम्म जनता हाम्रो पक्षमा देखिएका थिए । तर भ्रष्टाचार गरेका पार्टीहरुले पैसाको चलखेल गरी मत किन्ने काम गरे । यहाँसम्म कि हाम्रो उम्मेद्वार पनि खरिद-बिक्री गर्ने काम भयो । जसकारणले हामी धेरै ठाउँमा हार त व्यहोरेका छौं, धेरै ठाउँमा दोस्रो स्थानमा पनि छौं ।

**० तपाइँको पार्टीका उम्मेद्वार पनि बिक्री भए ?**

– केही ठाउँका उम्मेद्वार बिक्री भएको हामीले रिपोर्ट पाएका छौं ।

**० मतदाताहरुले पैसामा आफ्नो मत बेचे ?**

– अन्य पार्टीहरुले स्थानीय चुनावमा धेरै पैसा खर्च गरेका छन् । पालिकाहरुमा औसतमा हेर्ने हो भने करिब ५० करोड रुपैयाँ बजेट पाउँछन् । त्यो बजेट पूर्णरुपमा पालिकाकै क्षेत्राधिकारमा हुन्छ । त्यसकारणले धेरै उम्मेद्वारहरुले पैसा खर्च भएर पनि जित्नुपर्छ भनेर लागेका थिए । मेरो गृह जिल्ला रौतहटको कुरा गर्ने हो भने १८ पालिकामध्ये चार पालिकामा पूराना मेयरहरु नै दोहोरिएका छन् । उनीहरुमाथि भ्रष्टाचारको आरोप लागे पनि दोहोरिएका छन् । उदाहरणका लागि फतुवाविजयपुर नगरपालिकाका मेयर पुन: चुनाव जितिसकेको दुई हप्ता भित्रै भ्रष्टाचार मुद्दामा निलम्बन भएका छन् । भनेपछि उनीहरु पैसा खर्च गरेर नै चुनाव जितेका हुन् ।

**० अब प्रदेश र संघको चुनाव आउँदैछ, स्थानीय चुनावबाट जनमतले के पाठ सिक्यो ?**

– स्थानीय चुनावमा अधिकांश गत चुनावमा हारेकाहरु, लठैत पालेकाहरु र पैसा बाँडेकाहरु नै जितेका हुन् । तर, प्रदेश र संघको चुनावमा त्यो अवस्था आउँदैन । प्रदेश र संघको चुनावमा प्रादेशिक र राष्ट्रिय मुद्दामा चुनाव लड्ने हो, यो मामिलामा जनमत पार्टी सधैं अग्रपंक्तिमा रहन्छ । पार्टीका अध्यक्ष डा.सीके राउतको विकास र समृद्धिको अवधारणा छ । त्यो यदि पूर्णरुपले लागू गर्ने भनेको प्रदेश र संघमार्फत् हो ।

**० जनमत पार्टीले प्रदेश र संघको चुनावी तयारी कसरी गर्दैछ ?**

– प्रदेश र संघीय चुनावको तयारीमा हामी जुटिसकेका छौं । हामीले जिल्ला समन्वय समितिहरुलाई भंग गरेर नयाँ समितिहरु बनाएका छौं । हरेक जिल्लामा नयाँ जिल्ला इन्चार्ज, पर्यवेक्षकहरुलाई फिल्डमा पठाएका छौं । उहाँहरु तयारीमा जुटिसक्नुभएको छ । पार्टी प्रवेश, उम्मेद्वार चयन प्रक्रियामा अहिले हामी छौं ।

**० प्रदेश र संघको चुनावमा जनताले तपाइँहरुलाई विश्वास गर्ने आधारहरु के-के छन् ?**

– मधेश प्रदेशकै कुरा गर्ने हो भने विगत पाँच वर्षमा एक तिहाइ बजेट मात्र खर्च गर्न सकेको छ । प्रदेश सरकारको गतिविधि र क्रियाकलापहरु जनताले बुझिसकेका छन् । प्रदेश सरकारको भ्रष्टाचारका गतिविधिहरु भएका छन्, बजेट नै खर्च गर्न सकिरहेको छैन र कुनै पनि कामै गर्न नसक्ने जनताले हेरिरहेका छन् । यस्ता कुराहरु हामीले सशक्त तरिकाले जनतामा लगिरहेका छौं । जनताले हामीलाई विश्वास गर्छन् ।

**० जनताले तपाइँहरुलाई कसरी पत्याउँछन् ?**

– विगत १०-१२ महिनाको अवधिमा विश्वासलाग्दो धेरै काम भएको छ । स्वराज आन्दोलनदेखि किसान आन्दोलनसम्म हामीले धेरै संघर्षहरु गरेका छौं । यो संघर्षको बाटोमा जनताले हामीलाई अवश्य नै पत्याउँछन् । प्रदेश र संघीय सरकारको सञ्चालन केन्द्रीय तह र नेतृत्वबाट हुने हो । केन्द्रीय नेतृत्व डा.सीके राउतको प्रत्यक्ष निगरानीमा सञ्चालन हुन्छ । उहाँको आफ्नो व्यक्तित्वको हिसावले पनि प्रत्यक्ष संलग्नता हुन्छ । त्यो हिसावले जनताले हामीलाई विश्वास गर्छन् ।

**० जनमत पार्टीमा डा.सीके राउतबाहेक अन्य नेता नै छैन जस्तो देखिन्छ नि ?**

– जनमत पार्टीमा ५६ जना केन्द्रीय सदस्यहरु छन् र सबै जना प्रत्यक्ष जनताको बीचमा कार्यरत छन् । अन्य पार्टीका नेताहरु विभिन्न काण्ड गरेका, मन्त्री भइसकेका लगायतहरु मिडियामा देखिन्छन् । तर, हाम्रा पार्टीमा सबै नयाँ र पढेलेखेका नेताहरु छन् । नेताहरु प्रचारबाजीमा नलागेकोले डा.सीके राउतबाहेक कोही नेता छैनन् जस्तो लागेको होला । तर एउटा चुनाव भइसकेपछि धेरै अनुहारहरु देखिन्छ होला ।

**० आगामी चुनावमा गठबन्धनमा जानुहुन्छ ?**

– स्थानीय चुनावमा हामीले कुनै पनि दलसँग गठबन्धन गरेका थिएनौं । तर, अहिले राजनीतिक दलहरुबीच जुन किसिमले ध्रुवीकरण भइरहेको छ त्यो हिसावले हामी गठबन्धन गरेरै जानुपर्ने अवस्थाको सिर्जना हुँदैछ । हामीले आगामी चुनावमा गठबन्धन गर्ने भनेर निर्णय गरेका छौं । विभिन्न पार्टीहरुसँग हाम्रो कुराकानी भइरहेको छ ।

**० बिना गठबन्धन चुनावमा जान सकिने अवस्था छैन ?**

– गठबन्धनका लागि हामी खुल्ला छौं भनेर मात्रै भनेका छौं । कोहीसँग गठबन्धन गर्दा हाम्रा शर्तहरु हुन्छन्, जोसँग हाम्रो कुरा मिल्छ, त्यो दलसँग हामी गठबन्धन गरेर चुनावमा जान्छौं । तर, गठबन्धन गर्नैपर्छ भन्ने छैन । हाम्रा नेता कार्यकर्ताहरु दिनरात जनताका बीचमा काम गरिरहेका छन् । हाम्रो जनाधार भएको ८० वटा निर्वाचन क्षेत्र छन् । यी ८० निर्वाचन क्षेत्रमध्ये हामीले ५५-६० वटासम्ममा हामीले उम्मेद्वारी दिने शर्त अन्य दलले मान्यो भने मात्रै हामी गठबन्धन गर्छौं ।

**० कुन-कुन दलसँग गठबन्धनका लागि कुरा भइरहेको छ ?**

– गत साता रेशमलाल चौधरीसँग हाम्रो अध्यक्ष लगायतको टिमबीच छलफल भएको थियो । जनमत पार्टी र रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीबीच गठबन्धनका लागि कुराकानी भइरहेको छ । त्यसबाहेक अन्य दलहरुसँग पनि गठबन्धनका लागि हामी खुल्ला छौं । अहिले नै फलानोसँग गठबन्धन गरिहाल्ने भन्ने निष्कर्षमा पुगिसकेका छैनौं ।

**० एमालेसँग गठबन्धन गर्ने कति सम्भावना छ ?**

– एमालेसँग मात्रै होइन, जोसुकै दलसँग गठबन्धन हुनसक्छ । कांग्रेस, माओवादी, एमाले, लोसपा लगायतका दलहरुसँग गठबन्धनका लागि खुल्ला छौं ।

**० डा.सीके राउत कहाँबाट निर्वाचन लड्नुहुन्छ ?**

– डा.सीके राउत निश्चितरुपमा चुनाव लड्नुहुन्छ । उहाँ प्रतिनिधिसभाका लागि नै उम्मेद्वारी दिनुहुन्छ । तर कहाँबाट दिने त्यो अहिले नै निर्णय भइसकेको छैन । उहाँ चुनाव नलड्ने मनसायमा हुनुहुन्थ्यो तर हाम्रा पार्टीका नेता कार्यकर्ताहरुको दबाबका कारण चुनाव लड्ने निष्कर्षमा पुग्नुभएको हो ।

**० वर्तमान राष्ट्रिय राजनीतिलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– राष्ट्रिय राजनीतिलाई नियाल्ने हो भने राष्ट्रिय भनाउँदा दलहरु देशभन्दा पनि व्यक्तिगत स्वार्थमा लागि देशलाई जर्जर अवस्थामा पुर्‍याइरहेका छन् । देश विकास गर्ने कुरा त परै जाओस्, उनीहरु भ्रष्टाचार गर्ने, आफ्नो पुस्तौंपुस्तासम्म पुग्ने अकूत सम्पति आर्जन गर्ने काममा लागेका छन् । नेपालको अर्थतन्त्रको अवस्था श्रीलंकाकै हालत हुने जस्तो छ । ऋण थोपार्दै गइरहेको छ, युवाहरु विदेशमा आफ्नो श्रम गर्न बाध्य छन् । कुनै पनि नयाँ योजना वा विकास निर्माणका कामहरु भइरहेको छैन । यो गतिविधि परिवर्तन भएन भने देश निश्चितरुपमा श्रीलंकाकै बाटोमा जान्छ । त्यसैले जनमत पार्टीले विकास र समृद्धिको अवधारणा लिएर अगाडि आएको छ । यहाँको स्थानीय उत्पादन बढाउने, स्थानीय तहलाई आत्मनिर्भर बनाउने अवधारणाका साथ अगाडि बढिरहेका छौं । जनताले जति चाँडो हामीलाई विश्वास गरेर जिताउँछन्, त्यति चाँडो यो देशको भविष्य परिवर्तन हुने हो ।

# मधेशका दल सफल कि असफल ?



ललितकुमार यादव

मधेशले धेरै नेताहरु जन्माए । मधेशबाट प्रतिनिधित्व गर्ने धेरै नेताहरु मन्त्री भए । नेपालको केन्द्रीय राजनीतिमा सँधै मधेसको प्रभाव रहँदै आएको छ।हरेक शासन व्यवस्थामा मधेसबाट प्रतिनिधित्व गर्नेहरुको सहभागिता मात्रै होइन , प्रभावकारी सहभागिता रहँदै आएको छ। मधेस हरेक राजनीतिक दललाई सत्तामा पुऱ्याउन भऱ्याङ्ग बने तर मधेसलाई कसैले न्याय गर्न सकेनन्। मधेशबाट प्रतिनिधित्व गर्ने मुट्ठीभर नेताहरु जो शासन सत्तामा रहँदै आए, उनीहरुले सत्ता र शक्तिको बलमा लिन सके सम्मका लाभ लिए र आफ्ना विकास गर्न कुनै कसर बाँकी राखेनन्। तर मधेस र मधेसी जनताको विकास हुन सकेनन्। मधेस र मधेसी जनताको दोहन गरेको आरोप मधेसका हरेक नेताहरु (अपवादको रुपमा रहेका एकआध नेता वाहेक) लाई लाग्दै आएको छ तरपनि मधेसका नेताहरुले आफ्ना प्रवृति सुधार्नु पर्ने आवश्यकता नै महशुस गर्न सकेका छैनन्। आफ्नो ब्यबहारमा सकारात्मक परिबर्तन गरेर मधेस र मधेसी जनताको आवश्यकता पुर्ति गर्ने गरी काम गर्न नसकेका मधेसका नेताहरुले मधेसी जनताहरुमा राजनीतिक चेतना र सचेतना समेत दिन सकेका छैनन्। मधेसमा अहिले पनि राजनीतिक जागरणको अभाव नै रहेको देखिन्छ।

मधेसको नाममा तथा मधेसलाई केन्द्रमा राखेर राजनीतिक दलनै स्थापना गरेको र ती दलहरुलाई मधेसी जनताले स्थापित पनि गरी दिए। तर ती दलका नेताहरुमा पनि मधेस र मधेसी जनताको स्वार्थभन्दा ब्यक्तिगत स्वार्थनै हाबि भैदिदा मधेसी जनताले सोँचेअनुसारको काम हुन सकेका छैनन् न त मधेसमा विकासनै हुन सकेका छन्।मधेसका दलहरुले जनतालाई आन्दोलनमा उतारे तर आन्दोलनको भावना अनुसार अगाडि बढन सकेनन् न त मधेसी जनतालाई राजनीतिक प्रशिक्षण दिन उपयुक्त ठाने। मधेस आन्दोलनको रापतापबाट उदाएका मधेसका दलहरु आफ्ना विरासत कायम गर्नभन्दा नेताहरु कसरी जहिले पनि आफु शक्ति र सत्तामा रहि रहनेमा केन्द्रित भए। पछिल्लो डेढ दशकमा पटक पटक गरी तीनवटा मधेस आन्दोलन भयो। ती आन्दोलनहरुमा सयौं मधेसी सपुतहरुले सहादत प्राप्त गरे भने धेरै अंगभंग भए। मधेस आन्दोलनमा मधेसी जनताले गरेको बलिदान अनुसारको उपलब्धि पाएको भनेर मधेसले अहिले पनि चित बुझाउने अवस्था छैन्।

०१५ सालदेखि नै मधेस केन्द्रीत राजनीतिको सुरुवात भएको हो। रामजनम तिवारी, रघुनाथ ठाकुर, गजेन्द्रनारायण सिंहहरुले नै मधेसको समस्या र मुद्दाको उठान गर्न सुरु गरेका थिए।मधेसको मसिहा भनेर चिनिने गजेन्द्र नारायण सिंहले स्थापना गरेको नेपाल सदभावना पार्टी अहिले टुक्रा टुक्रा भई निर्वाचन आयोगको दर्तामा सिमित हुन पुगेको छ। त्यसबेलादेखि नै मधेसको मुद्दा उठदै आएको भएपनि नेतृत्व स्थापित हुन नसकेको कारण मधेसको मुद्दा स्थापित हुन सकेका थिएनन्। ६२/६३ को जनआन्दोलन भएको केहि समयमै मधेसमा आन्दोलन भयो। मधेस आन्दोलनले मधेसको मुद्दा स्थापित गऱ्यो । मधेसी जनता आफ्ना राजनीतिक अधिकार प्राप्त गर्न राजनीतिक बहस र आन्दोलनलाई ब्यापक रुपमा अगाडी बढाए। मधेस आन्दोलनलाई सम्बोधन गर्न सरकारले मदेसका दलहरुसँग २२ बुँदे र ८ बुँदे सम्झौता गरेका थिए। मधेसको लगभग सबै मुद्दा २२ बुँदे र ८ बुँदे सम्झौतामा समेटिएको छ। सम्झौता कार्यवन्यन गराउने विषय मधेसका दलहरुको लागि सत्तामा जाने भऱ्याङ मात्र बन्यो सम्झौता कार्यावन्यनको विषयलाई प्राथमिकताका साथ मधेसका दलहरुले समेत उठाएनन्। सम्झौताको पुर्ण कार्यवान्यन अहिलेसम्म पनि हुन सकेकै छैन्।

मधेस आन्दोलनले उठाएको कुनै पनि मुद्दा सम्बोधन भएकै छैन भन्न मिल्दैन । यो गलत हुन्छ । मधेसले उठाएका सबै मुद्दामा लगभग काम भएको अवस्था छ । तर मधेसले अपनत्व लिन सक्ने गरि मधेसको सहमतिमा पूर्ण रुपमा कार्यवन्यन भएको छैन । राज्यले आफ्नो चाहना अनुसार मात्र कार्यवन्यन गर्दै आएकोछ ।मुलुक संघीयतामा जानु , समावेशीको सिद्धान्तलाइ स्विकार गर्नु, मधेस र मधेसीको पहिचान स्थापित हुनु मधेश आन्दोलनकै उपलब्धि हो ।सामाजिक र राजनीतिक दुबै क्षेत्रमा परिवर्तन आएको छ। नागरिकता समस्या पनि केही हदसम्म समाधान भएको छ । तर, पूर्ण रुपमा हल हुन सकेको छैन । नागरिकता बिधेयक आफ्ना सहमतिमा पारित हुनु पार्ने अहिले पनि मधेसका दलहरुको माग रहेको छ ।

पहिलो मधेस आन्दोलन सकिएलगतै मधेसी जनअधिकार फोरम दलको रुपमा बाहिर आयो।यो पार्टिमा प्रवेश गर्ने लहर नै चल्यो।काँग्रेस, एमालेबाट प्रवेश गर्नेहरुको लहरले फोरम बलियो हुँदै गयो भने फोरममा अटाउन नचाहेकाहरुले तराई मधेस लोकतान्त्रिक पार्टि स्थापना गरेका थिए। मधेसमा भएका सबै आन्दोलनमा मधेसका दलहरु सँगसँगै थिए तर आन्दोलनको उपलब्धिलाई स्थापित गराउन मधेसका दलहरु कहिल्यै एक भएर अगाडि बढेको मधेसी जनताले अनुभुति समेत गर्न पाएनन्।

बितेको डेढ दशक मधेसको लागि राजनीतिक उतार चढावको अबधिको रुपमा रह्यो। यस अबधिमा मधेसले धेरै उतार चढाव भोगेको छ। मधेसका दलहरुमा सत्ता लिप्सा यति सम्म बढयो कि कुनै पनि मधेसका दलले आफ्नो एकता टिकाई राख्न सफल भएन्।मधेसका दलले आफ्नो शक्ति बढाउने तर्फ सोच्नसम्म सकेनन्। सबै नेतालाई मन्त्री र अध्यक्षनै हुनु पर्ने लहर चल्यो। धेरैले पार्टि फुटाउदै मन्त्री र अध्यक्ष हुने रहर पुरा गरे। ती मध्येका कतिपयको अस्तित्वनै समाप्त भयो भने अस्तित्वमा रहेकाहरुको पनि भबिष्य राम्रो रहेका छैनन्। तिनीहरु पनि ओरालो बाटो लागेको प्रष्ट देखिएको छ।

मधेसका दलहरुबीच एकता हुने पहिलो सकारात्मक संकेत ८ वैशाख २०७४ मा देखिएको थियो। यस दिन मधेसका ६ राजनीतिक दलको एकताबाट राष्ट्रिय जनता पार्टी नेपालको गठन भएको थियो। त्यसतै अर्को सकारात्मक संकेत २०७६ साल वैशाख १० गते देखिएको थियो।यस दिन राजपा र समाजवादी पार्टि नेपालबिच एकिकरण भइ जनता सामाजवादी पार्टि (जसपा) को गठन भएको थियो । राजपा र समाजवादीबीच एकताको लामो प्रयास चलेको भएपनि एकता हुनु मूख्य कारण समाजवावीमा हुन लागेको फुटनै थियो। पार्टि फुटन लागेको संकेत पाएर उपेन्द्र यादवले रातारात राजपासँग एकिकरण गरेर आफ्नो पार्टिलाई फुटबाट जोगाएका थिए। यद्यपि यसले मधेसमा एउटा उत्साह पैदा गरेको थियो। तर मधेसको उत्साहलाई मधेसी दलका नेताहरुले टिक्नै दिएनन्। भदौ ९ २०७८ मा जसपा औपचारिक रुपमा बिभाजित भयो।

मधेसका दलहरुले एकताभन्दा कयौं गुणा बढी बिभाजनको इतिहास बोकेका छन्। यसको मुख्य कारण नेताहरुमा मधेस र मधेसी जनता प्रतिको मोहभन्दा ब्यक्तिगत लाभ र हानिको मोह हुनुनै हो।त्यसमा पनि छनिक लाभ। मधेसका दलहरुका नेताहरु यस्ता छन् कि एकले अर्काको नेतृत्व स्विकार गर्ने तयार छैनन्। अलिकति पनि जनसमर्थन र वाहवाहि पाउन साथ आफै नेतृत्वको लागि सक्षम भइसकेको ठान्छन र आफुभन्दा अब्बल कोही नरहेको देख्न थाल्छन्। पार्टि फुटाउदा पार्टीको मुद्दा, पार्टी कार्यकर्ताको विश्वास र भरोसा, पार्टी र आफ्नो राजनीति भबिष्यको समेत वास्ता गर्दैनन्। छनिक लाभमानै रमाउने चरित्र रहेको छ।यसरी हेर्दा मधेसका दलहरुमा छनिक लाभ लिन राजनीतिमा आएका नेताहरुको संख्या उल्लेख्य छ भने जो दिर्घकालका लागि राजनीतिमा आएका छन्, तिनीहरु आफु बाहेक अरुलाई असल मान्नै तयार छैनन् र सँधै सबै अवसर आफु र आफ्नालेमात्र पाउन भने सोँचका रहेका छन्। ठुला दलहरु जस्तै मधेसका दलहरुमा पनि नेतृत्व हस्तान्तरणको ठुलो समस्या रहेको छ।

मधेसका कुनै पनि दलले आफ्नो संगठन बलियो बनाउने, कार्यकर्तालाई प्रशिक्षित गर्ने, स्थानीय स्तरका नेता कार्यकर्तालाई जनतासँग जोडिन लगाउने, परि आउदा जनतालाई साथ दिने र सहयोग गर्ने जस्ता जनतासँग नजिक हुने कार्यक्रम र अभियान चलाउन कहिल्यै रुचि देखाएनन्। मधेस आन्दोलन गरेको आधार र मधेसको आक्रोसको भरमानै सँधै स्थापित हुन खोजे। मधेसका दलहरुको संगठन छ तर व्यवस्थित छैनन्। कार्यकार्ता र नेता पनि छन् तर दल र मधेस मुद्दाप्रति समर्पितको संख्या ज्यादै नै न्यून रहेको छ। सारमा भन्नु पर्दा एकल हैकम जमाउने नेतृत्व हुनु नै मधेसका दलहरु असफल हुँदै जानुको प्रमुख कारण हो।मधेसका दलहरुको नेतृत्वले पार्टीमा नेतृत्व विकास गर्नै मानेनन्, पार्टीलाई जनतासँग जोडनै सकेनन्, जनतालाई मधेस मुद्दा वाहेक विकासका मुद्दाहरु दिनै सकेनन्, मधेसमा रहेको बेथितिको अन्त्य गर्ने विश्वास जनतालाई दिनै सकेनन् बरु उल्टै अनियमितता र भ्रष्टाचारमा डुबदै गएको संकेत देखियो र पार्टी हाक्ने दंग नरहेको समेत देखायो।

मधेसका दलहरु जातासँग सँधै एउटै मुद्दामा भोट माग्दै आएका छन्। मधेसमा भौगोलिक सुगमताका बाबजुद भौतिक विकास हुन सकेको छैन। मधेस मानव विकास सूचकांकमा पछाडि रहेको, गरिबिमा अगाडी रहेको, सक्षरतादर कम रहेको, बेरोजगारीको समस्या बिकराल बन्दै गएको, कृषिको बेहाल रहेको आदि समस्याप्रति मधेसका कुनै दल गम्भिर भएनन्। यी समस्याहरु सामाधान गर्ने प्रतिब्धता मधेसका कुनै दलबाट मधेसका जनताले पाउन सकेनन्। मधेसका दलहरुले जहिले पनि खालि विभेदका कुरा मात्र गरे। मधेसमा आक्रोस पैदा गरेर आफु स्थापित हुने बाटो मात्र देखे मधेसका दलहरु। मधेसलाई समृध्द कसरी बनाउने योजना ल्याउन सकेनन्। पछिल्लो समयमा जनमत पार्टिलाई आशाको नजरले मधेसका जनताले देखेका थिए तर जनमत पार्टि पनि मधेसका पुरानै दलहरुको बाटो समात्यो। मधेसका पुराना दल र नेताहरुले केही नगरेको देखाएरै मधेसी जनताको सान्तवना लिन खोजे। मधेसका पुराना दलले जे जे गल्ती गरे जनमत पार्टीले पनि त्यही गल्ती गर्दै छ। मधेसका पुराना दलहरु र जनमत पार्टी आफ्नो गल्ती नसुधारी सफल हुन सक्ने कुनै सम्भावना छैन। मधेसलाई समृद्ध बनाउने कार्यक्रम ल्याउन नसकेमा मधेसमै मधेसका दलहरुको अस्तित्व समाप्त हुन सक्नेसम्मको खतरा रहेको छ।

विभेद र असमानताको मुद्दा उठाउदै आएका दलहरु आफै सत्तामा पुग्दा मधेसमा यही कुरा लागु गर्न सकेनन्। फलस्वरुप यिनीहरु पनि विभेद र असमानताको विरूद्धमा रहेको ब्यबहारले प्रमाणित भएन्। मधेस प्रदेशको सत्ता चलाउने अवसर पाएर पनि मधेस र मधेसी जनताको हित हुने गरी खासै नयाँ कार्यक्रम ल्याउन सकेनन्। मधेसलाई समृद्ध बनाउने विकासे योजना समेत दिन सकेनन्। उल्टै भ्रष्टाचारको आरोप लाग्यो। मधेसमा रहेको बेथिति भत्काउने समान्य काम समेत गर्न सकेनन्।मधेसको नाममा राजनीति गर्ने तर मधेसको सत्तामा पुग्दा समेत मधेसमा सुसासन कायम पनि गर्न नसकेका मधेसका दलहरुलाई सफल मान्न सकिने कुनै आधार छैनन्। सफल भए त नेताहरु आफ्ना ब्यक्तिगत विकास गर्न। मधेसी दलबाट मधेसको नाममा सांसद र मन्त्री हुनु वाहेकको सफलता मधेस र मधेसी जनताले पाएको देखिदैन्।यसकै लागि मात्र मधेसमा मधेसका दलहरुलाई मधेसी जनताले स्थापित गरेका हुन भन्ने आम मान्याता हो भने मात्र मधेसका दलहरुलाई सफल मान्न सकिन्छ नभए कुनै हालतमा सफल मान्न सकिदैन्।मधेस आन्दोलन सफल भए तर मधेसका दलहरु सफल हुन सकेनन्। मधेसका दलहरु जहिल्यै संकटमट देखिनुनै उनीहरुको असफलताको प्रमाण हो।

lkskeshariaaryan@gmail.com






## मधेश अपडेट

### मल ल्याउने किसानलाई बाधा नपुऱ्याउन निर्देशन

बाँके । खेतबारीमा प्रयोग गर्न भारतबाट मल खरिद गरेर ल्याउने वास्तविक किसानलाई सहज वातावरण बनाउन बाँके प्रशासनले पहल गरेको छ । नेपालमा मलको अभाव भएपछि मल ल्याउन किसानलाई सुरक्षाकर्मीले बाधा पुऱ्याएपछि आफ्नो खेतबारीमा प्रयोग गर्न भारतबाट मल ल्याउने किसानलाई बाधा नपुऱ्याउन सीमावर्ती क्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई निर्देशन दिएको बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले जानकारी दिएका छन् ।उनका अनुसार, व्यापारिक प्रयोजनका लागि हो या आफ्नो खेतबारीमा प्रयोग गर्नका लागि हो भन्ने एकिन गरी मल ल्याउन सहज वातावरण बनाउनु भन्ने निर्देशन दिइएको छ । रासायनिक मल नहुँदा किसानले धान रोप्न नसकेको गुनासो आएपछि किसानलाई भारतबाट मल ल्याउन केही खुकुलो गरिएको उनको भनाइ छ । भारतबाट मल ल्याउन प्रतिबन्ध रहेपनि व्यावहारिकता हेरेर यस्तो निर्णय गर्नु परेको उनले बताए । बाँकेका किसानले नेपालगञ्ज, नरैनापुर, डुडुवाको होलिया, हिरमिनिया, खजुराको राधापुर र जानकी गाउँपालिकाको साईगाउँ लगायतका नाकाबाट रासायनिक मल ल्याउने गरेका छन् । यी नाकाबाट मल ल्याउँदा सुरक्षाकर्मीले दुःख दिने गरेको खजुरा गाउँपालिका-२ का अगुवा किसान गेहेन्द्र धितालले गुनासो गरे । भारतबाट साइकल र मोटरसाइकलमा ल्याएको मल बाँकेको कोहलपुर, बैजनाथ र राप्ती सोनारी गाउँपालिकासम्म पुग्ने गरेको छ ।

### हिंसात्मक गतिविधि रोक्न डा.दत्तको निर्देशन

जनकपुरधाम । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले मधेश प्रदेशमा दिन प्रतिदिन बढ्दो हिंसात्मक एवम् गलत क्रियाकलापहरुलाई रोक्न मधेश प्रदेशका प्रहरी प्रमुख प्र.ना.म. मसउद आलम खाँलाई निर्देशन दिएका छन् । मधेश प्रदेशको अनुगमनमा रहेका अध्यक्ष डा.दत्तले प्रहरी प्रमुख आलमलाई आयोगमा सबैभन्दा धेरै उजुरी मधेश प्रदेशबाट नै आउने गरेकोले आफु र आयोग सो प्रति गम्भीर रहेको बताउँदै यथाशीघ्र उचित रणनीति बनाई सो समस्याहरुलाई प्रभावकारी ढंगले समाधान गरी त्यस्ता गलत क्रियाकलापहरुलाई रोक्न आवश्यक निर्देशन दिए । नेपाल-भारत सीमामा बढ्दो लागूऔषधको कारोबार, महिला माथि हुने विभिन्न प्रकारका घरेलु हिँसा, जनताले न्याय पाउन सास्ती भोग्नुपर्ने जस्ता उजुरीहरु आयोगमा आउने गरेको जनाएको छ । सो उजुरी माथि आयोगले आफ्नो तरिकाले कारवाहीको प्रक्रिया अगाडी बढाएपनि सम्बन्धित प्रदेशको प्रहरीले जनताको पीडा बुझी आवश्यक तरिकाले सो समस्याहरु समाधान गर्न तर्फ लाग्नुपर्ने अध्यक्ष डा.दत्तले बताए । अध्यक्ष डा.दत्तले आयोगले गर्नुपर्ने सहकार्य तथा समन्वयमा कहीँ कतै कमी आउन नदिने समेत प्रतिबद्धता व्यक्त गरेका छन् । मधेश प्रदेश प्रहरी प्रमुख आलमले अध्यक्ष डा.दत्तलाई प्रदेशको समग्र वस्तुस्थितिबारे जानकारी गराएका थिए । अध्यक्ष डा.दत्तको मधेश प्रदेशको विभिन्न ग्रामिण भेग पुगेर त्यहाँको समस्याहरु स्थलगत रुपमा बुझ्ने कार्यक्रम रहेको अध्यक्ष दत्तको सचिवालयले जनाएको छ ।

### लुम्बिनी प्रदेश सरकारको बजेट पारित

रुपन्देही । लुम्बिनी प्रदेश सरकारको आव २०७९/८० को बजेट आज प्रदेशसभाबाट बहुमतले पारित भएको छ । बैठकमा सभामुख पूर्णबहादुर घर्तीले निर्णयार्थ प्रस्तुत गरेपछि बजेट पारित भएको हो । असार १ गते प्रस्तुत बजेटमा प्रदेशसभा सदस्यहरूले विभिन्न चरणमा छलफल गरेका थिए । सरकारले आगामी आवका लागि ४२ अर्ब ६३ करोड सात लाख, कुल विनियोजनमध्ये चालु खर्चतर्फ १३ अर्ब ३२ करोड ७६ लाख ५२ हजार कूल बजेटको ३१.२६ प्रतिशत, पुँजीगत खर्चतर्फ २४ अर्ब ४७ करोड ७० लाख ४८ हजार कूल बजेटको ५७.४१ प्रतिशत रहने अनुमान प्रस्तुत गरेको थियो ।यस्तै वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, सशर्त अनुदान र विशेष अनुदानमार्फत स्थानीय तह वित्तीय हस्तान्तरणका लागि रु चार अर्ब ८३ करोड लाख, कूल बजेटमा वित्तीय हस्तान्तरणको अंश ११.३३ प्रतिशत रहने गरी प्रस्ताव गरिएको थियो । यसअघि बजेटमा प्रदेशसभामा उठेका विभिन्न विषयमा जवाफ दिँदै मुख्यमन्त्री कुलप्रसाद केसीले लुम्बिनी प्रदेशका जनताको समृद्धिका लागि नै आगामी वर्षको बजेट प्रस्तुत गरिएको बताए । उनले प्रदेश सरकारको आफ्नो नीति तथा कार्यक्रम विचार दृष्टिकोणअनुसार नै बजेट प्रस्तुत गरिएको बताए । उनले लुम्बिनी प्रदेश सरकारले लिएका कार्यक्रमले आम लुम्बिनीवासीको मागलाई सम्बोधन गरेकाले त्यसलाई कार्यान्वयनमा सबै लागेर सम्पन्न गर्नुपर्नेमा जोड दिए । बैठकमा आर्थिक मामिला तथा सहकारीमन्त्री कृष्णध्वज खड्काले जनताको जीवनस्तर परिवर्तन गर्ने गरी बजेटले सम्बोधन गरेको दाबी गरे । लुम्बिनी प्रदेशका आम जनतालाई समृद्धि गर्नका लागि विभिन्न कार्यक्रम अगाडि सारिएको बताउँदै उनले सबैको साझा अभियानको रुपमा बजेटलाई दिन अपिल गरे । यस्तै आजको प्रदेशसभाबाट प्रदेश प्रहरीसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक र सञ्चारसम्बन्धी विधेयकसमेत पारित भएको छ । ती विधेयक कानुन समितिका सभापति दामाकुमारी शर्माले सभामा प्रस्तुत गरेकी थिइन् ।

### लुटपाट गरी फरार रहेका व्यक्ति पक्राउ

रौतहट । महिलालाई प्रेमजालमा पारी नगद तथा विभिन्न सुनका गहना लुटपाट गरेको अभियोगमा बारा प्रसौनी गाउँपालिका-४ खुटवा प्रसौनी बस्ने ३६ वर्षीय महमद रफिक रायभाटलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । रौतहट चन्द्रपुर नगरपालिका-४ स्थित चपुर पराठा एण्ड गेष्रुट हाउसमा एक महिलालाई लगी महिलाकै नाममा कोठा बुक गरी राखेर बेहोस बनाई महिलाका सुनका विभिन्न गहना र नगद १० हजार रुपैयाँ समेत गरी २ लाख ९० हजार रुपैयाँ बराबरको धनमाल लुटी फरार भएको घटना अनुसन्धान गर्ने क्रममा रायभाटको संलग्नता पाइएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो । रायभाट महिलाहरुलाई फोन तथा सामाजिक संजालको माध्यमबाट प्रेमजालमा पारी घुम्न जाने बहानामा घरबाट बाहिर बोलाई होटेलमा लगी पीडितकै नामबाट होटेलको कोठा बुक गर्न लगाई पेय पदार्थमा लठीने नसालु पदार्थ मिसाई खुवाई बेहोस पारी गरगहना लगायत रकम समेत लुट्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ ।

### वीरगञ्ज नाकाबाट नेपाली वस्तुको निर्यात ७३ प्रतिशतले बढ्यो

पर्सा, १२ असार । नेपालको मुख्य प्रवेशद्वार र देशकै प्रमुख व्यापारिक नाका वीरगञ्जलाई प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा उल्लेख्य वृद्धि भएको छ । गत आर्थिक वर्षको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा नेपाली वस्तुको निर्यात ७३ प्रतिशतले बढेको हो । आव २०७७/८७ को साउनदेखि जेठसम्मको ११ महिनामा ४४ अर्ब २४ करोड २३ लाखभन्दा बढी मूल्यको नेपाली वस्तु निर्यात भएकामा चालु आवको सोही अवधिमा वीरगञ्ज नाका प्रयोग गरी ३२ अर्ब ३१ करोड २४ लाख बढी अर्थात् ७६ अर्ब ५५ करोड ४७ लाखभन्दा बढी मूल्यको नेपाली वस्तु निर्यात भएको छ । यो गत आवको तुलनामा ७६ दशमलव ०३ प्रतिशतले बढी हो । वीरगञ्ज नाका प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ निकासी हुने मुख्य वस्तुमा भटमासको प्रशोधित तेल, प्रशोधित पाम आयल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, जमोठ कपडालगायत वस्तु रहेको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिए । उनले यस नाकाबाट हुने कारोबार बढेसँगै यसको सकारात्मक प्रभाव वीरगञ्ज भन्सार कार्यालयको राजस्व सङ्कलनमा परेको बताए । गत आवको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा करिब २३ प्रतिशतभन्दा बढी राजस्व सङ्कलन भएको छ । गत आवको ११ महिनामा एक खर्ब ५३ अर्ब ९८ करोड ३२ लाख राजस्व सङ्कलन भएकामा हाल ३४ अर्ब ८० करोड एक लाख बढी अर्थात् एक खर्ब ८८ अर्ब ७८ करोड ६२ लाख राजस्व सङ्कलन गर्न सफल भएको उक्त कार्यालयले जनाएको छ ।

# आफ्नै मागविरुद्ध सक्रिय छन् माओवादीहरू

**२०५२ सालमा जनयुद्ध सुरु गर्नुअघि एकता केन्द्र मसालका तर्फबाट महामन्त्री डा. बाबुराम भट्टराईले तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ४० बुँदे माग राखेका थिए । माग पूरा नभएको भन्दै मसाल (हालको एकीकृत नेकपा माओवादी) जनयुद्धमा गएको थियो । ती माग आफू प्रधानमन्त्री हुादा कति पूरा भए ?**



**पुष्पकमल दाहाल 'प्रचण्ड'**
पहिलोपटक प्रधानमन्त्री
वि.सं.२०६५ – २०६६
दोस्रोपटक प्रधानमन्त्री
वि.सं.२०७३।०४।१९– २०७४।०२।२३

**डा.बाबुराम भट्टराई**
पहिलोपटक प्रधानमन्त्री
वि.सं. २०६८।५।१२ देखि २०६९।११।३०



## कूल मागमध्ये पूरा भएको : ५, कूल मागमध्ये पूरा नभएको : ३५

| क्र.सं. | माग | पूरा भएको | पूरा नभएको |
|---|---|---|---|
| १. | सन् १९५० को नेपाल-भारत सन्धि लगायतका सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज गरिनुपर्छ । | | ✘ |
| २. | राष्ट्रघाती टनकपुर सम्झौतालाई ढाकछोप गर्न र नेपालको सम्पूर्ण जलसम्पदामाथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ । | | ✘ |
| ३. | नेपाल भारत खुल्ला सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ । नेपालभित्र भारतीय नम्बर प्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनुपर्छ । | | ✘ |
| ४. | गोरखा भर्ती केन्द्र रद्द गरिनुपर्छ र नेपालीहरूलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ५. | नेपालभित्र विविध क्षेत्रमा कामको निम्ति स्वदेशी कामदारहरूलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरूलाई काममा लगाउनुपर्दा 'वर्क परमीट' प्रथा लागू गरिनुपर्छ । | | ✘ |
| ६. | नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ । | | ✘ |
| ७. | आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ । | | ✘ |
| ८. | साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमणको अन्त्य गरिनुपर्छ । देशभित्र छाडा हिन्दी सिनेमा, भिडिओ र पत्रपत्रिकाहरूको आयात र वितरणमा तुरुन्त रोक लगाइनुपर्छ । | | ✘ |
| ९. | एन.जी.ओ. /आई.एन.जी.ओ. आदिको नाउँमा देशभित्र साम्राज्यवादी/ विस्तारवादी घूसपैठको अन्त्य गरिनुपर्छ । | | ✘ |
| १०. | जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ । | ✓ | |
| ११. | राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनुपर्छ । | ✓ | |
| १२. | सेना, प्रहरी, प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुनुपर्छ । | | ✘ |
| १३. | सुरक्षा ऐन लगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनुपर्छ । | ✓ | |
| १४. | राजनीतिक प्रतिशोधका कारणले झुट्टा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछाप लगायतका जिल्लाहरूका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ र सबै झुट्टा मुद्दाहरू खारेज गरिनुपर्छ । | | ✘ |
| १५. | जिल्ला जिल्लामा भइरहेको सशस्त्र प्रहरी अप्रेसन, दमन र राज्य आतंक तुरुन्त बन्द गरिनुपर्छ । | | ✘ |
| १६. | विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूको बारेमा निष्पक्ष छानबिन गरी अपराधीहरूलाई कडा कारबाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रधान गरिनुपर्छ । | | ✘ |
| १७. | जन-आन्दोलनको क्रममा मारिएकाहरूलाई सहिद घोषणा गरिनुपर्छ, सहिदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र हत्याराहरूमाथि कडा कारबाही गरिनुपर्छ । | | ✘ |
| १८. | नेपाललाई धर्म-निरपेक्ष राज्य घोषित गरिनुपर्छ । | ✓ | |
| १९. | महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ । | | ✘ |
| २०. | सबै खाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ । जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| २१. | दलितहरूमाथि भेदभाव अन्त्य गरिनुपर्छ । छुवाछूत प्रथा पूर्ण रूपले बन्द गरिनुपर्छ । | | ✘ |
| २२. | सबै भाषा-भाषीहरूलाई समान अवसर र सुविधा दिइनुपर्छ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ । | | ✘ |
| २३. | वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ । सरकारी सञ्चार माध्यमहरू पूर्ण रूपले स्वायत्त हुनुपर्छ । | | ✘ |
| २४. | बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिक कर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ । | | ✘ |
| २५. | पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ । पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता प्रदान गरिनुपर्छ । गाउँ र सहरबीच सन्तुलन कायम गरिनुपर्छ । | | ✘ |
| २६. | स्थानीय निकायहरूलाई अधिकार र साधन सम्पन्न बनाइनुपर्छ । | ✓ | |
| २७. | जमिन जोत्नेको हुनुपर्छ । सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्छ । | | ✘ |
| २८. | दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ । | | ✘ |
| २९. | सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३०. | उद्योग, कृषिलगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३१. | सुकुम्वासीहरूलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीहरूलाई उठीबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ । | | ✘ |
| ३२. | गरीब किसानहरूलाई पूर्ण रूपले ऋण मुक्त गरिनुपर्छ । कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाहा गरिनुपर्छ । साना उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३३. | मल, बीउ सस्तो र सुलभ हुनुपर्छ । किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३४. | बाढी पीडित र सुख्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३५. | सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ । शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्छ । | | ✘ |
| ३६. | महँगी नियन्त्रण गरिनुपर्छ । महँगीको अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ र दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३७. | गाउँगाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ । | | ✘ |
| ३८. | कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ । | | ✘ |
| ३९. | भ्रष्टाचार, कालोबजारी, तस्करी, घूसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ । | | ✘ |
| ४०. | अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।<br>नेपाली राष्ट्र र जनताको जीवनसाग अत्यावश्यक रूपले जोडिएका उपरोक्त मागहरू यथाशीघ्र पूरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकारसमक्ष हाम्रो हार्दिक आग्रह छ । आगामी २०५२ फागुन ५ गते सम्म सरकारको तर्फबाट यसबारे कुनै सकारात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त संघर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौं । | | ✘ |

## संक्षिप्त समाचार

### स्वास्थ्य राज्यमन्त्री वलीद्वारा राजीनामा

रुपन्देही । लुम्बिनी प्रदेशका स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण राज्यमन्त्री विमला वलीले राजीनामा दिएकी छिन् । वलीले यही असार १२ गते राजीनामा बुझाएको मुख्यमन्त्री कुलप्रसाद केसीले आज बसेको प्रदेशसभाको बैठकमा जानकारी गराएका थिए । राजीनामा स्वीकृत भइसकेको मुख्यमन्त्री केसीले जनाए । गत जेठ अन्तिममा दाङका वाईसीएल नेता एकराज बस्नेतको घरमा गएर उनकी श्रीमती र छोरीलाई अभद्र व्यवहार गरेको भन्दै उजुरी दर्ता भएपछि छानबिन गर्न प्रदेश सरकारले तीन सदस्यीय समिति गठन गरेको थियो ।

### लागूऔषधसहित युवक पक्राउ

कैलाली । टीकापुर नगरपालिका-९ खक्रौलाबाट ६ सय ६० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ र ५ पिस नाईट्राभेटसहित एक युवक पक्राउ परेका छन् । सोही नगरपालिका-३ कटानपुर बस्ने २९ वर्षीय सागर कुमार बिकलाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको हो । से.३ प ३१२१ नम्बरको मोटरसाइकलमा सवार सागर कुमारलाई खक्रौलास्थित चेकपोष्टमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा आफ्नो संवेदनशील अंगमा लुकाई ल्याएको उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### भन्सार छलि ल्याउँदै गरेको सामान बरामद

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१ नन्दनी मिलको कम्पाउण्डबाट अवैध रुपमा भन्सार छलि ल्याउँदै गरेको सामान बरामद भएको छ । भारतबाट ल्याएको ५ सय २० बोरा चिनी र ५१ बोरा बोडीको दाल गरी करिब १९ लाख २७ हजार रुपैयाँ बराबरको सामान प्रहरीले बरामद गरेको हो । उक्त कम्पाउण्डमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त सामान फेला पारी बरामद गरेको प्रहरीले जनाएको छ । बरामद सामानहरू आवश्यक कारबाहीको लागि भन्सार कार्यालय नेपालगञ्ज बाँके पठाइएको हो ।

### ट्रकले स्कुटरलाई ठक्कर दिंदा एकको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२१ परवानीपुर चोकस्थित सडकमा ट्रकले स्कुटरलाई ठक्कर दिँदा एक युवकको ज्यान गएको छ । ना.७ ख १२८५ नम्बरको ट्रकले ना.५३ प १६११ नम्बरको स्कुटरलाई शुक्रबार दिउँसो ठक्कर दिँदा स्कुटरमा सवार सोही महानगरपालिका-१४ बस्ने ३० वर्षीय मुक्ती तिवारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि नारायणी अस्पताल वीरगंजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक वीरगंज महानगरपालिका-१५ बस्ने ६५ वर्षीय हरेन्द्र झाको अवस्था मध्यम रहेको छ । ट्रक चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

### पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

कैलाली । कैलालीको लम्कीचुहा नगरपालिका-८ मलभङ्गा गाउँमा पोखरीमा डुबेर बेहोस भएका दुई बालिकाको गएराति मृत्यु भएको छ । मृत्यु हुनेमा मलभङ्गा गाउँका लालबहादुर बिष्टकी सात वर्षीया छोरी आश्रिया र भीमबहादुर कुवँरको छ वर्षीया छोरी भावना रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बेदप्रकाश जोशीले जानकारी दिएका छन् । गाउँमा रहेको इँटाभट्टामा खेलिरहेको अवस्थामा नजिकै रहेको पोखरीमा सोमबार बेलुका बालिका डुबेको देखेपछि स्थानीयवासीले उद्धार गरी बर्दगोरियास्थित खापर हेल्थ क्लिनिकमा पुऱ्याएका थिए । क्लिनिकमा उपचारका क्रममा राति मृत्यु भएको जना

### आठ किलो गाँजासहित तीन जना पक्राउ

मोरङ । मोरङमा आठ किलो गाँजासहित तीन जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार आइतबार साँझ सुन्दरहरैचा नगरपालिका-५ मा शंकास्पद रुपमा हिंडिरहेका तीन युवकलाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा उनीहरूका साथबाट ८ किलो गाँजा बरामद भएको हो । पक्राउ पर्नेमा धनकुटा जिल्ला साँगुरीगढी गाउँपालिका-८ का ३० वर्षीय सुरेन्द्र राई,२९ वर्षीय मिलन राई र २९ वर्षीय बाला राई रहेका छन् । उनीहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### कैलालीमा चट्याङमा परी मृत्यु

कैलाली । कैलालीमा चट्याङ परी आज बिहान एक जनाको मृत्यु भएको छ । गोदावरी नगरपालिका-३ मालाखेती रेडियन्ट ग्यास कम्पनीको जमिनमा रोपाइँ गर्न गएका कञ्चनपुर कृष्णपुर नगरपालीका-५ का ४८ वर्षीय पुनाराम चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव उपरीक्षक बेदप्रकाश जोशीले जानकारी दिएका छन् ।

### बसको ठक्करबाट एक बालकको मृत्यु

मोरङ । आफ्नै स्कूलको बसले ठक्कर दिँदा मंगलबार मोरङको रंगेलीमा चार वर्षीय एक छात्रको मृत्यु भएको छ भने अर्की ६ वर्षकी छात्रा घाइते भएकी छन् । रंगेलीस्थित माउन्टेन मकालु बोर्डिङ स्कूलको बसले ठक्कर दिँदा नर्सरीमा पढिरहेका रङ्गेली-५ का महादेव मण्डलका छोरा ४ वर्षका हृतिक मण्डलको मृत्यु भएको छ । स्कूल बसको ठक्करले घाइते बालकलाई उपचारका लागि स्वास्थ्य केन्द्र पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । सोही स्कूलमा एलकेजीमा अध्ययनरत रङ्गेली-६ का नरेश मण्डलकी छोरी ६ वर्षीया सुनमकुमारी मण्डल गम्भीर घाइते भएकी छन् । उनको विराटनगरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । को. १ क ११३० नम्बरको स्कूल बसले दिउँसो ४ बजेतिर उनीहरू दुई जनालाई ठक्कर दिएको थियो । स्कूल सकिएपछि घर जाँदै गरेका बालबालिकालाई स्कूल अगाडि नै बसले ठक्कर दिएको थियो। प्रहरीले बस नियन्त्रणमा लिएको छ भने चालक भने फरार भएका छन् ।

### पेस्तोलसहित एक युवक पक्राउ

जनकपुरधाम । पेस्तोलसहित प्रहरीले जनकपुरधामबाट एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-९ का ३७ वर्षीय मनिषकुमार अधिकारी रहेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले अमेरिकन पेस्तोलसहित अधिकारीलाई पक्राउ गरेको प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् । उनको घर खानतलासी गर्ने क्रममा भान्सा कोठामा लुकाइ राखेको अवस्थामा एक थान पेस्तोल र एक राउण्ड गोली बरामद भएको हो । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### चट्याङ लागेर बालकको मृत्यु

बाँके । बाँकेको राप्तीसोनारी गाउँपालिकामा चट्याङ लागेर एक बालकको मृत्यु भएको छ । चट्याङ लागेर घाइते भएका राप्तीसोनारी-३ नारायणपुरका ६ वर्षीय अभिषेक थारूको भेरी अस्पताल नेपालगञ्जमा उपचारका क्रममा गए राति मृत्यु भएको प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिएका छन् । थारुसँगै रहेका सोही ठाउँका २२ वर्षीय ईश्वरी ओली पनि घाइते भएका छन् । उनको अहिले राप्तीसोनारी अस्पतालमा उपचार भइरहेको छ ।

### युवक मृत फेला

मोरङ । पथरीशनिस्चरे नगरपालिका-६ केचना बस्ने ३५ वर्षीय राम कृष्ण शर्मा सुनवर्षी नगरपालिका-१ स्थित कमल पोखरीमा बिहीबार मृत अवस्थामा फेला परेका छन् । गत मंगलबार घरबाट हिँडेकोमा घर फर्की नआएपछि खोजी गर्ने क्रममा उक्त पोखरीमा उनको शव फेला परेको हो । सोधपुछका लागि उनीसँगै गएका १ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### गोदाममा पानी पस्दा क्षति

रूपन्देही । बुटवल उपमहानगरपालिका-९ मिलनचोकस्थित राम प्रसाद घिमिरेको सिद्धार्थ भूमि इन्टरनेशनल ट्रेडिङ प्रालिको गोदाममा मंगलबार दिउँसो अविरल वर्षाको कारण पानी पस्दा गोदाममा रहेका प्लाई, फोरमाइका, ढोका आइटम र किचन बास्केट डुबानमा परी क्षति भएको छ । क्षतिको एकिन विवरण खुल्न सकेको छैन ।

# मालवाहक रेल चलाउन उद्योगी व्यवसायीको माग



जनकपुरधाम । जयनगर-कुर्था रेल मार्गमा नियमित मालवाहक रेल सेवा सञ्चालन गर्न पाँच जिल्लाका उद्योगी व्यवसायीले माग गरेका छन् ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका पदाधिकारीसँगको छलफलका क्रममा मधेश प्रदेशअन्तर्गत सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका उद्योगी व्यवसायीले मालवाहक रेल सेवा सञ्चालन गर्न माग गरेका हुन् ।

हाल जयनगर-कुर्था रेल मार्गमा सञ्चालन भइरहेको रेल सेवासँगै मालवाहक रेल समेत सञ्चालन गरिए भारतसँग सीधा व्यापार सम्बन्ध हुनुको साथै सस्तो मूल्यमा समान आयात हुने तथा त्यसबाट महँगीसमेत नियन्त्रणमा आउने उद्योगी व्यवसायीको भनाइ छ ।

छलफलमा उद्योगी व्यवसायीले तत्कालका लागि दैनिक पाँच/छ ट्रक मालसमान आयात गर्ने र पछि क्रमश: बढाउँदै जाने भएकाले मालवाहक रेल सेवा घाटामा नजाने दाबी गरेका थिए ।

'अहिले चलिरहेको रेल सेवामै हामीले मालवाहक रेल सेवा पनि चलाउन माग गरेका छौँ', जनकपुरधाम उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष अम्बोकुमार साहले भने, 'नेपाल रेल्वे कम्पनीका पदाधिकारीले मालवाहक रेल चलाउन आफूहरू सकारात्मक रहेको र तत्कालका लागि जनकपुरधाममा कति परिमाणमा मालसमान ल्याउन सकिन्छ भनेर उद्योगी व्यवसायीसँग यकिन गरेर तथ्याङ्क उपलब्ध गराउन आग्रह गरे ।'

तथ्याङ्कके आधारमा मालवाहक रेल सेवा सञ्चालन गर्न अन्य निकायसँग समन्वय गरी निर्णय गर्ने नेपाल रेल्वे कम्पनीका पदाधिकारीले आश्वासन दिएको उपाध्यक्ष साहले बताए ।

छलफलका क्रममा उद्योगी व्यवसायीबाट आएका सुझाव, सल्लाहका आधारमा मालवाहक रेल सेवा सञ्चालनको तयारी गरिने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जनकुमार झाले जानकारी दिए । 'भारतबाट दैनिक कति परिमाणमा मालसमान ल्याइन्छ भनेर तथ्याङ्क मागेका छौँ', उनले भने। तथ्याङ्क उपलब्ध भएपछि प्रक्रिया अघि बढाइने झाको भनाइ छ ।

# काठमाडौंमा हिन्दूवादी अगुवाहरूको बैठक एवं छलफल



काठमाडौं । हिन्दूवादी अगुवाहरुको बृहत बैठक एवं छलफल कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ ।

आइतबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा हिन्दू परिषद नेपालका केन्द्रीय अध्यक्ष सन्तोष पटेलले सहजीकारण गरेको कार्यक्रममा सनातन धर्मका अगुवा एवं अभियन्ताहरुको उपस्थिति थियो ।

कार्यक्रममा धर्मपाल गुरु वशिष्ठ, दीपक महराज आत्रेय, डा.नारायणचार्य देवबाबा, राममणि दास, श्याम कुमार भट्टराई, बिष्णु खड्का, बिनोद खड्का, श्याम बहादुर सापकोटा, शांति रेग्मी, मोहन कृष्ण निरौला, पपु यादव, रवनिस राज पाण्डेय, बिरेन्द्र ठाकुर,उद्धव राज तुलाधार, राज देवी थापा, सुनीता रौनियार, महेन्द्र केसी, रामसोबित नायक, कृष्ण हरि थापा, पिंकी महासेठ, सागर थापा, राजीव देव,किशोर यादव सहित सहभागी रहेका थिए ।

कार्यक्रममा बोल्ने वक्ताहरुले हाम्रो आचरण सनातन धर्म अनुसार हुनु पर्ने, सहभोज कार्यक्रम ब्यापक रूपमा गर्ने, घरायसी संस्कारमा बिशेष जोड़ दिने, धार्मिक संघ संस्था बीच कार्य गर्दा सहकार्य गर्ने, हिन्दू धर्म र संस्कृति माथि आक्रमण हुँदा आ-आफ्नो क्षेत्रबाट नेतृत्वदायी भूमिका निर्वाह गर्ने, गुरुकुल स्थापनाबारे जनजागरण गर्ने, गौ हत्या र तस्करी बारे आक्रमक कार्यक्रम गर्ने एवं संरक्षणका लागि रचनात्मक भूमिका निर्वाह गर्ने, लबजिहाद बारे ब्यापक जनचेतना जगाउने कार्य गर्ने, हाम्रो आस्था केन्द्र माथि बोलने र उत्तरीने समूह संग प्रतिकारको लागी तैयार रहने बिषय लगायतको सम्बन्धमा कार्य गर्न बक्ताहरुले जोड दिएका थिए ।

## सूचना माग्दै परराष्ट्रको सचिवसमक्ष उजुरी

काठमाडौं । राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले चीनसँग भएको बीआरआई सम्झौताबारे सूचना माग गर्दै परराष्ट्र मन्त्रालयका सचिवसमक्ष उजुरी गरेका छन् । मन्त्रालयको सूचना अधिकारी एक वर्ष बितिसक्दा पनि सूचना अधिकारबमोजिम बीआरआईबारे कुनै सूचना उपलब्ध नगराएको भन्दै यादवले आइतबार सचिवसमक्ष उजुरी गरेका हुन् ।

यादवले बीआरआई सम्झौताको प्रतिलिपी, सम्झौताअन्तर्गत नेपालमा सञ्चालन रहेको परियोजनाहरुको नाम र ठेगाना, परियोजनाहरुको लागत र लागत स्रोत, परियोजनाहरुको खर्चमा अनुदान रकम कति र ऋण कति, यदि ऋण हो भने ब्याज कति लगायतका सूचनाहरु माग गरेका थिए ।

उनले सूचनाको अधिकार प्रयोग गर्दै गत वर्ष जेठ ३० गते परराष्ट्र मन्त्रालयको सूचना अधिकारीसमक्ष बीआरआईबारे सूचनाहरु माग गरेको थिए ।

## अभियानद्वारा चीनविरुद्ध प्रदर्शन

काठमाडौं । छिमेकी राष्ट्र चीनले गोरखाको चुमनुब्री गाउँपालिका-१ को रुइला नाकामा तारबार लगाएको विरोधमा राष्ट्रिय एकता अभियानले सोमबार राजधानीमा प्रदर्शन गरेको छ । दशगजाभित्रै चीनले तारवार लगाएको भन्दै विरोध प्रदर्शन गरिएको हो । माइतिघरबाट सुरु भएको विरोध रैली चीन विरोधी नारा लगाउँदै नयाँ बानेश्वर पुगेको थियो । विरोध रैलीमा 'गो ब्याक चाइना, चिनियाँ विस्तारवाद बन्द गर, मिचिएको भूमि फिर्ता गर, चिनियाँ हस्तक्षेप बन्द गर, अघोषित नकाबन्दी खुल्ला गर' लगायतका नारा लगाईएको थियो । बानेश्वरमा आयोजित कोणसभालाई अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवले सम्बोधन गरेका थिए । उनले चीनले दशगजामै तारवार र भौतिक संरचना बनाउँदासमेत नेपाली प्रशासन मुकदर्शक भएर बसेको भन्दै आक्रोश ब्यक्त गरेका थिए । तर, गोरखाका सिडिओ शंकरहरि आचार्यले भने त्यस विषयमा आफूलाई जानकारी नभएको बताएका छन् । सीमा सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता अनुसार दशगजा क्षेत्रमा कुनै पनि संरचना बनाउन वा तारवार लगाउन पाइदैन । त्यसका लागि दुई पक्षीय सहमति आवश्यक पर्छ । तर, रुईला नाकामा चीनले दशगजा क्षेत्रभित्र तारबार लगाएको स्थानीयको दाबी छ ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


स्वास्थ्य जानकारी

# के हो हैजा ? त्यसका लक्षण र बच्ने उपायहरु



के के हुन् हैजाका लक्षणहरु?

हैजाको संक्रमण भए पनि धेरै मानिसमा लक्षण देखिँदैन वा सामान्य लक्षण देखिन्छ। हैजा संक्रमितमध्ये करिब १० प्रतिशत मानिसमा हैजाको गम्भीर लक्षण मात्र देखिन्छ।

**हैजा लागेको मानिसमा निम्न लक्षण देखिन सक्छ -**

पखाला लाग्ने
वाकवाकी लाग्ने
बान्ता हुने
शरीरमा पानीको मात्रा कम हुने
थकाइ लाग्ने
आँखा रातो हुनु
मुख सुख्खा हुनु
अत्यधिक तिर्खा लाग्नु
पिसाब कम लाग्नु
मुटुको गति असामान्य हुनु
रक्तचाप कम हुनु

**के कारणले लाग्नसक्छ हैजा?**

विशेषगरी फोहोर पानीकै कारण हैजा संक्रमण हुन्छ। यो अधिकांश मानिसमा हैजा संक्रमण हुने कारण हो।

त्यसैले हैजा संक्रमण सफा पानी र सरसफाइको अभाव भएको स्थानमा फैलिन्छ। त्यस्तै राम्रोसँग नपाकेको खानेकुरा, काँचै खाने फलफूल र तरकारी राम्रोसँग नपकाई खाँदा सर्न सक्छ।

बिरामीसँगको सामान्य सम्पर्कबाट यो रोग सर्दैन।

**कसरी बच्ने?**

हैजा संक्रमण आफू बस्ने स्थाननजिकै फैलिएको छ भने निम्न कुरामा ध्यान दिनुपर्छ -

बेलाबेलामा हात धुने
खाना बनाउन, दाँत माझ्न वा पिउनको लागि उमालेको पानी प्रयोग गर्ने
उमाल्न सम्भव नभए पानी शुद्धीकरण गर्ने रसायन पनि प्रयोग गर्न सकिन्छ तर, पानी शुद्ध बनाउने सबैभन्दा उत्तम उपाय उमाल्नु नै हो।
दुग्ध उत्पादन नखाने
काँचो खानेकुरा नखाने
घरमा नै उमारेको तरकारी वा फलफूल मात्र खाने बानी विकास गर्ने

त्यस्तै हैजाको लक्षण देखिनेबित्तिकै डाक्टरलाई देखाउनुपर्छ। घरमा कसैलाई हैजाको लक्षण देखिए विशेष सावधानी अपनाउनुपर्ने हुन्छ।-नेपालखबरबाट

# लोक दल लोसपामा विलय



काठमाडौं । कौशल कुमार सिंह नेतृत्वको लोक दल लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा समाहित भएको छ । बबरमहलस्थित लोसपाको केन्द्रीय कार्यालयमा आयोजित एकीकरण घोषणासभामा लोक दल लोसपामा समाहित भएको हो ।

चारबुँदे सहमतिसहित लोक दल लोसपामा समाहित भएको हो । सहमतिपत्रमा भनिएको छ, 'संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रही मधेश र समग्र देशको जनताको अधिकार प्राप्तिको संघर्षलाई अझ उचाईमा पुऱ्याउन यस दुई पार्टीहरुबीच ऐतिहासिक एकीकरण भएको घोषणा गर्दछौं ।'

लोक दलले लोसपाको नाम, झण्डा र छाप स्वीकार गर्ने, लोक दलबाट आएका नेता तथा कार्यकर्ताहरुलाइ सहमति अनुसारको स्थान र सम्मान लोसपा नेपालमा प्रदान गर्ने, जिल्लादेखि केन्द्रसम्मका लोक दलका सबै संगठनहरुलाई लोसपा नेपालमा समायोजन गरिने र आगामी निर्वाचनमा लोक दलका नेता कार्यकर्ताहरुलाइई प्रत्यक्ष एवं समानुपातिक उम्मेद्वारीमा समुचित स्थान दिने सहमति भएको हो ।

## विश्व परिवेश

# अफ्रिकामा चिनियाँ कम्पनीहरूले भ्रष्टाचार फैलाए

सन् २०१७ मा विश्वव्यापी परामर्श प्रमुख म्याकिन्सेले एक रिपोर्टमा भ्रष्टाचारलाई चीन-अफ्रिका साझेदारीलाई दीर्घकालीन रूपमा दिगो बनाउनको लागि सम्बोधन गर्नुपर्ने सबैभन्दा ठूलो पीडाको रूपमा उल्लेख गरेको थियो । रिपोर्टका अनुसार, ६०% देखि ८७% चिनियाँ फर्महरूले अफ्रिकामा व्यापार लेनदेनको सम्बन्धमा इजाजतपत्र प्राप्त गर्न घूस वा "टिप्स' दिएको खुलासा गरेको छ । रिपोर्टले के उल्लेख गरेको छ भने भ्रष्टाचार समस्या यी देशहरूमा एक दुष्चक्र हो - जुन अफ्रिकी र चिनियाँ दुवै पक्षको धारणाबाट खुवाइएको छ ।

त्यसबेलादेखि विषयहरू थोरै परिवर्तन भएको देखिन्छ र चिनियाँ फर्महरूले अफ्रिकामा परियोजना र व्यवसायहरूका लागि बोलपत्र र इजाजतपत्रहरू जित्नका लागि भ्रष्टाचार र 'अन्डरह्यान्ड' सम्झौताहरू गर्न जारी राख्छन् । दक्षिण अफ्रिकाको न्यायिक आयोगअन्तर्गतको जोन्डो आयोगको प्रतिवेदन (भाग-२) मा चिनियाँ कम्पनीहरूले दक्षिण अफ्रिकामा भ्रष्टाचार गरेको प्रमाण उल्लेख गरिएको थियो । त्यसबेलादेखि विषयहरू थोरै परिवर्तन भएको देखिन्छ र चिनियाँ फर्महरूले अफ्रिकामा परियोजना र व्यवसायहरूका लागि बोलपत्रहरू र इजाजतपत्रहरू जित्नका लागि भ्रष्टाचार र 'अन्डरह्यान्ड' सम्झौताहरू गर्न जारी राख्छन् । न्यायाधीश रेमण्ड जोन्डोको अध्यक्षतामा रहेको आयोगले चाइना नर्थ रेलवे (सीएनआर) र चाइना साउथ रेलवे (सीएसआर) परियोजनाको बोलपत्र जित्नका लागि भ्रष्ट अभ्यासमा संलग्न रहेको पाए । यो मामिला दक्षिण अफ्रिकालाई रेलवे लोकोमोटिभको आपूर्तिको लागि २०१५को टेन्डर बिडसँग सम्बन्धित छ ।

जोन्डो आयोगको रिपोर्टले के खुलासा गरेको भने (सीएनआर) र (सीएसआर)को शाखा चाइना रेलवे रोलिङ स्टक कर्पोरेशन (सीआरआरसी) ले ट्रान्सनेट अधिकारीहरू र राजनीतिक नेताहरूलाई किकब्याक दिएको छ । ट्रान्सनेट एसओसी लिमिटेड एक ठूलो दक्षिण अफ्रिकी रेल, पोर्ट र पाइपलाइन कम्पनी हो, जसको मुख्यालय जोहानेसबर्गमा छ । ट्रान्सनेट दक्षिण अफ्रिकी रेलवे र बन्दरगाहहरूको सञ्चालनको व्यवसायिक एकाइहरूमा पुनर्संरचना गरेर २०१८ मा गठन गरिएको हो ।

जोन्डो आयोगको प्रतिवेदन अनुसार किकब्याकहरू (सीआरआरसी) को स्थानीय सहायक कम्पनीहरू, (सीएनआर) रोलिङ स्टक, दक्षिण अफ्रिका मार्फत् पठाइएको थियो । प्रतिवेदनले किकब्याक सम्झौतासँग सम्बन्धित केही अन्य चिनियाँ कम्पनीहरू पनि उल्लेख गरेको छ, जस्तै, सीएनआर (हङ्कङ्) कम्पनी लिमिटेड, सीआरआरसी (हङ्कङ्) कम्पनी लिमिटेड र सीएन आर Dalian Locomotive and Rolling Stock Company Limited। प्रिटोरियामा चिनियाँ राजदूतले दक्षिण अफ्रिकी विदेश कार्यालयलाई जोन्डो आयोगको प्रतिवेदन र राष्ट्रपति रामाफोसाले स्वीकार गरेकोमा आफ्नो देशको छवि घटेको आरोप लगाउँदै आफ्नो असन्तुष्टि व्यक्त गरे । राज्यका अंगहरू लगायत सार्वजनिक क्षेत्रमा राज्य कब्जा, भ्रष्टाचार र ठगीको आरोपमा छानबिन गर्ने न्यायिक आयोगलाई जोन्डो आयोग वा राज्य कब्जा आयोग भनिन्छ । सार्वजनिक छानबिन आयोगको स्थापना जनवरी २०१८ मा भएको थियो । आयोगका प्रतिवेदनका चार भाग सार्वजनिक वित्त व्यवस्थापन ऐनको अनुसूची २ मा सूचीकृत २१ ठूला सरकारी स्वामित्वका निकायले ठेक्का र टेन्डर दिने क्रममा भ्रष्टाचार गरेको अभियोगमा आयोगले अनुसन्धान गर्नुपर्ने थियो । आयोगको दोस्रो प्रतिवेदन सरकारी स्वामित्वको रेल एकाधिकार ट्रान्सनेटसँग सम्बन्धित छ ।

विस्तारको शृङ्खला पछि, आयोगले राष्ट्रपति रामाफोसाको गवाहीमा अगस्ट २०२१ मा आफ्नो सुनुवाइ सम्पन्न गऱ्यो र त्यसपछि डिसेम्बर २०२१ मा आयोगको म्याद सकिएपछि थप ३ महिनाको म्याद थपियो । आयोगको प्रतिवेदनको भाग-२ प्रकाशित १ फेब्रुअरी, २०२२ मा १२५९ लोकोमोटिभहरूको खरिदमा भ्रष्टाचारमा सीएसआर, सीएनआर जनरल इलेक्ट्रिक र बम्बार्डियर यातायातको संलग्नता औंल्यायो । अनुसन्धानको निष्कर्षले यो पनि पत्ता लगायो कि पूर्व राष्ट्रपति जैकब जुमाले सियाबोंगा गामालाई सीईओको रूपमा नियुक्त गर्न खोजेका थिए जसले ट्रान्सनेटमा भ्रष्ट अभ्यासहरूको "इच्छा सक्षमकर्ता' को रूपमा सेवा गरेका थिए ।

दक्षिण अफ्रिकाका प्रमुख शहरहरू, विशेष गरी जोहानेसबर्ग र प्रिटोरियामा चिनियाँ कम्पनीहरू र कर्मचारीहरू विरुद्ध विरोध प्रदर्शन र जुलुसहरू प्रायः हुन्छन् । दक्षिण अफ्रिकामा चिनियाँ कम्पनीहरूको श्रम मामिलाहरूमा आन्तरिक अनुपालन ढाँचा र संवेदनशीलता कमजोर छ र त्यसैले तिनीहरू भ्रष्टाचार र स्थानीयहरूको शोषणमा संलग्न हुन्छन् भन्ने व्यापक धारणा छ ।

चिनियाँ कम्पनीहरूले अफ्रिकी देशहरूमा टेन्डर जित्न भ्रष्ट र 'अन्डरह्यान्ड' अभ्यासहरूको सहारा लिएका छन् । यद्यपि, तिनीहरूमध्ये धेरै थोरै प्रकाशमा आएका छन् किनभने अफ्रिकामा व्यापार गर्ने चिनियाँ कम्पनीहरू संलग्न रहेको अफ्रिकी घूसखोरी विरोधी प्रवर्तन वास्तवमा अवस्थित छैन । केन्या, मोजाम्बिक र दक्षिण अफ्रिका लगायतका केही अफ्रिकी देशहरूले उनीहरूको घुसखोरी कानून परिमार्जन गरेका छन् । यी आशाजनक घटनाक्रमहरूको बावजुद, महाद्वीपमा विद्यमान कानूनहरूको कार्यान्वयन कमजोर छ ।

सन् २०१८ मा अफ्रिकामा चिनियाँ लगानी ५.४ बिलियन अमेरिकी डलर थियो, जुन २०१९ मा २.७ बिलियन अमेरिकी डलरमा झऱ्यो ।। कोभिड-१९ महामारीको बावजुद २०२० मा ४.२ बिलियन अमेरिकी डलरमा झरेको थियो । एक अनुमान अनुसार त्यहाँ १४० मध्यम आकारको वा ठूला चिनियाँ कम्पनीहरूले अफ्रिकामा १३ बिलियन अमेरिकी डलरको संयुक्त लगानीमा सन् २०१६ मा करिब ३०,००० दक्षिण अफ्रिकीहरूलाई रोजगारी दिएका थिए ।

दक्षिण अफ्रिकामा चिनियाँ कम्पनीहरूको बढ्दो उपस्थितिलाई शङ्काको दृष्टिले हेरिनेछ, जबसम्म तिनीहरूले स्थानीय कानूनहरूको पालना सुनिश्चित गर्दैनन् । यसका लागि दक्षिण अफ्रिकाका अधिकारीहरूले चिनियाँ दबाब वा प्रलोभनमा जानुहुँदैन ।–एजेन्सीहरु

# ताङ्शानमा महिलामाथि भएको डरलाग्दो आक्रमणले यौनवादी कमजोरी उजागर

यस महिना चीनकोएक रेस्टुरेन्टमा महिलाहरूको समूहमाथि भएको क्रुर आक्रमणलेफेरि कम्युनिष्ट देशमा महिलाहरूको दयनीय अवस्थालाई उजागर गरेको छ। यो घटना बेइजिङबाट करिब १०० माइल टाढा रहेको ताङ्शान सहरमा भएको थियो र भिडियो रेकर्ड पनि गरिएको थियो। भिडियोमा एक व्यक्ति बिहान ३ बजेतिर भीडभाड भएको रेस्टुरेन्टमा हिँडिरहेको देखाइएको छ। उनी टेबुलमा बसेका केही महिलाहरू नजिक पुग्छन् र कसैको पछाडि हात राख्छन्। उसले आपत्ति गर्छ र उसलाई एकै ठाउँमा धकेल्छ। उसले उसलाई थप्पड हान्छन्र उसको टाउकोमा ठोक्छन् । उनका साथीहरूले हस्तक्षेप गर्न खोज्छन्, तर अरू धेरै पुरुषहरू बाहिरबाट आएर उनीहरूलाई आक्रमण गर्न थाल्छन्। त्यसपछि, उनीहरूले एउटी महिलालाई उनको कपाल तानेर रेस्टुरेन्ट बाहिर तान्छन् र भुइँमा सुतिरहेको बेला उनको टाउकोमा लात हान्न जारी राख्छन्। एक दर्शकले तुरुन्तै प्रहरीलाई बोलाउँछन् तर प्रहरी आउन ढिलो हुन्छ ।तापनि, यो भिडियो तत्कालै भाइरल हुन्छ र र व्यापक निन्दा आकर्षित गरेपछि, संदिग्धहरूलाई पक्राउ गर्न प्रहरी बललाई १५ घण्टा भन्दा बढी समय लाग्छ। धेरैले जनआक्रोशका कारण मात्रै प्रतिक्रिया दिएको आरोप लगाए। यसैबीच, चार महिलामध्ये दुई जना दुई हप्ताभन्दा बढी समयसम्म अस्पतालमा भर्ना भए र अफवाह के फैलियो भने वास्तवमा एक महिलाको मृत्यु भएको थियो, यद्यपि हेबेई सार्वजनिक सुरक्षा कथनले त्यसको खण्डन गरेको छ।

यो लाजमर्दो घटनाले सामाजिक सञ्जालमा एक विष्फोट निम्त्यायो, जहाँ प्रयोगकर्ताहरूले प्रहरीले देशमा महिलाहरूको सुरक्षाका लागि आफ्ना स्रोतहरू परिचालन नगरेको आरोप लगाए। उनीहरूले चिनियाँ समाजमा सामान्य, गहिरो जरा गाडिएको यौनवादी मनोवृत्तिको पनि निन्दा गरे, जहाँ दिन प्रतिदिन महिलाहरूको लागि निराशाजनक हुँदै गइरहेको छ। यो घटनामा संलग्न महिलाहरू राम्रो उज्यालो सार्वजनिक स्थानमा एक समूहमा बाहिर निस्केर योभयानक आक्रमणको सिकार बन्न लायक छ। घटना पछि, राज्य मिडिया आउटलेट, 'द पेपर' ले रिपोर्ट गऱ्यो कि यस्ता धेरै घटनाहरूमा, पुरुष आक्रमणकारीहरूले अस्पतालहरूमा बिताएका पीडितहरू भन्दा कम समय हिरासतमा बिताए। त्यसपछि, त्यहाँ अन्य प्रकाशनहरू थिए, जस्तै बेइजिङ युथ डेली, जसले पीडित, लाजमर्दो र महिलाहरू किन यति ढिलो बाहिर निस्किए भन्ने प्रश्न उठाए। प्रकाशनको प्रारम्भिक लेखमा भनिएको छ कि पुरुषले महिलाहरूसँग 'ब्याट' गरेको थियो र त्यसपछि, 'दुवै पक्षले धकेल्न थाले'। धेरै अन्य मिडिया आउटलेटहरूले सुधारको माग गरे तर चिनियाँ महिलाहरूले दैनिक रूपमा सामना गर्नेखतराहरू उल्लेख गर्न सकेनन्।

धेरैले मुद्दाबाट लैङ्गिक कोण हटाउने प्रयास गरे। यो पनि दावी गरेकि यो पुरुष लगायत कुनैपनि कमजोर व्यक्तिलाई हुन सक्छ। क्वान युनिभर्सिटीका समाजशास्त्रका प्राध्यापक लु डेवेनले लेखेका छन्, 'उस्तै घटनाका अपराधीहरूले विशेष गरी महिलाहरूलाई लक्षित गरेका छैनन्, बरु सबै कमजोर मानिसहरू (पुरुषहरू सहित) लाई लक्षित गरेका छन्।' प्रारम्भिक प्रहरी र मिडिया प्रतिक्रियाले स्थानीय गिरोहहरू र तिनीहरूको आपराधिक इतिहासलाई लैङ्गिक-आधारित हिंसाको रूपमा व्यवहार गर्नुको सट्टा आक्रमणकारीहरूको स्पष्ट लिङ्गमा केन्द्रित गऱ्यो। लैङ्गिक हिंसाका मुद्दाहरूमा काम गरिसकेका वकिल ह्वाङ सिमिनले गिरोह हिंसा वा अपर्याप्त कानून कार्यान्वयन जस्ता अन्य कारकहरूलाई विचार गर्नुमहत्वपूर्ण छ, तर लैङ्गिक हिंसाको भूमिकालाई बेवास्ता गर्न सकिँदैन। 'हामीले यस घटनालाई सांस्कृतिक, क्षेत्रीय र कानुनी लगायत धेरै कोणबाट विश्लेषण गर्न सक्छौं। तर यी सबै कोणको मुटुमा लिङ्ग हो। यदि हामीले स्वीकार गर्न सक्नौं भने, यो समस्या समाधान गर्न धेरै गाह्रो हुनेछ,' उनले भनिन्। चीनमा केही कानुनले लिंग-आधारित हिंसालाई सम्बोधन गर्दछ, र आक्रमणकारीहरूलाई सामान्यतया झगडा उठाउने, समस्या उक्साउने, र जानाजानी आक्रमण जस्ता अपराधहरू लगाइन्छ। यसरी यो देश नारीवादी आन्दोलनका लागि पनि शत्रुतापूर्ण ठाउँ हो र जनताले नारीवादी महिलाहरूलाई अति आक्रामक र चरमपन्थी पनि ठान्छन्। यस अवस्थामा पनि, चिनियाँ सेन्सरहरूले देशमा प्रणालीगत यौनवादको समस्या रहेको तर्क गर्ने लेखहरू मेटाए। चीनका घरेलु हिंसाका मुद्दामा काम गर्नेगुओ जिङका अनुसार चिनियाँ अधिकारीहरूले लैङ्गिक अपराधलाई एउटा घटनाको रूपमा लिने र अभियुक्तलाई पक्राएर अन्त्य गर्नेसामान्य कुरा हो।

यस वर्षको जनवरीमा, जियाङ्सुमा आठ सन्तानकी आमाको एक भिडियो सार्वजनिक भएको थियो। उनका श्रीमानका अनुसार उनी मानसिक रोगी र अरुका लागि खतरा थिइन्। भिडियो चाँडै सेन्सरद्वारा मेटाइयोतर संसारलाई चकित पार्नु भन्दा पहिले। घटनाको अनुसन्धान गर्न खोज्ने केही नेटिजनहरू पक्राउ परेका थिए। पछि, प्रहरी अनुसन्धानले ती महिलालाई सन् १९९० को दशकमा बेचबिखन गरेको खुलेको थियो। अपराधमा पक्राउ परेका दुई मध्ये उनका श्रीमान पनि थिए। धेरै चिनियाँ महिलाहरू, विशेष गरी युवा पुस्ताका यी घटनाहरूबाट छक्क परेका थिए, किनकि चीनले आफ्नो कम अपराध दर र उच्च स्तरको निगरानीको लागि गर्व गर्छ। धेरै चिनियाँ महिलाहरूले अब पहिलो पटक देशको सामाजिक मूल्य र लैङ्गिक गतिशीलतामाथि प्रश्न उठाइरहेका छन्। 'त्यहाँ धेरै घटनाहरू छन् जसको छायांकन गरिएको छैन। महिला विरुद्धको हिंसा, जुनसुकै किसिमको भए पनि हाम्रो समाजमा वास्तवमा कुनै नयाँ कुरा होइन,' नारीवादी कार्यकर्ता फेंगले भनिन्। वास्तवमा, महिलाहरूलाई आफ्ना साथीहरूद्वारा सार्वजनिक रूपमा आक्रमण गरिनु चीनमा धेरै सामान्य छ, जहाँ कठोरता, यौन क्षमता र बल प्रयोगलाई पुरुषत्वको आदर्श मानिन्छ। मध्य चिनियाँ काउन्टीमा गरिएको २०१३मा संयुक्त राष्ट्रको अध्ययनले सर्वेक्षणमा आधाभन्दा बढी पुरुषहरूले आफ्नो पार्टनर विरुद्ध शारीरिक वा यौन हिंसा गरेको स्वीकार गरेको पाइएको छ। साथै, झन्डै आधालेभने कि उनीहरूले आफ्नो 'सम्मान' बचाउन हिंसा प्रयोग गर्न मन पराउँदैनन्। २०१६मा मात्रै घरेलु हिंसालाई फौजदारी अपराध सूचीबद्ध गर्नेदेशमा यो कुनै आश्चर्यको कुरा होइन।

माओ त्से तुङले एकपटक 'महिलाले आधा आकाश समात्छन्' भनेर प्रख्यात रूपमा भनेका थिए। दशकौं बितिसक्दा पनि उनको महिला समानताको घोषणाले कुनै पनि आकार वा रूपमा फल दिन सकेको छैन। आज, चीनमा महिलाहरूले कार्यस्थल, राजनीति र घरमा भेदभावको सामना गर्नुपरेको छ र नारीवादी आन्दोलनहरूलाई कुल्चीमिल्ची गरिएको छ। सेन्सरशिप बढ्दै जाँदा महिलाको सुरक्षाका लागि कानुनको सुदृढीकरण र मानव बेचबिखनका लागि बढ्दो सजाय सपना नै रहन्छ। नागरिक अधिकार समूहहरूमा अधिकारीहरूको निरन्तर कार्यकडाउनले सुनिश्चित गर्दछ कि तल्लो तहको सक्रियता कायम राख्न गाह्रो छ। वर्षौंदेखि, नारीवादी कार्यकर्ताहरूलाई अदालतमा बर्खास्त गरिएको छ, मुद्दा दायर गरिएको छ वा गिरफ्तार गरिएको छ। राज्य-स्वामित्व भएका मिडिया आउटलेटहरूले ३:भत्यय आन्दोलनलाई चीनलाई कमजोर पार्न विदेशी शक्तिहरूको हतियारको रूपमा वर्णन गर्दछ र उच्च-प्रोफाइल केसहरू पूर्ण रूपमा खारेज गरिएको छ। सबैभन्दा भर्खरको केस टेनिस खेलाडी पेंग शुआइको हो, जो एक शीर्ष चिनियाँ नेतालाई यौन दुर्व्यवहारको आरोप लगाएपछि, सार्वजनिक दृष्टिकोणबाट गायब भए। उनको पोस्ट पनि सेयर गरेको केही मिनेटमै डिलिट भयो। यस वर्षको सुरुमा, राष्ट्रपति सी जिनपिङको नेतृत्वमा, बेइजिङले सामाजिक सञ्जालमा नारीवादी आवाजहरू बन्द गर्न आफ्नो प्रयासहरू तीव्र पार्न थाले। दर्जनौं नारीवादी खाताहरू अचानक बन्द गरियो। लि माइजी, एक प्रख्यात महिलावादीले भनिन्, 'हाम्रा टिप्पणीहरू मात्र मेटाइएन, तर इन्टरनेटमा हाम्रा खाताहरू गायब गरियो। हाम्रा अनुयायीहरूले हामीलाई अब देख्न सक्दैनन्। यसले मलाई बीवोमा विलुप्त बनायो, जुन डरलाग्दो छ। सन् २०१५ मा अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा सार्वजनिक यातायातमा हुनेयौन उत्पीडनविरुद्ध प्रदर्शनको योजना बनाएको आरोपमा पक्राउ परेका युवा चिनियाँ महिलाहरूको समूहमा ली थिइन्। उनीहरू ३७ दिनसम्म जेलमा बसे र विश्वव्यापी कूटनीतिक र मिडियाको दबाबका कारण मात्रै रिहा भए। लीलाई अधिकारीहरूले 'हङकङ पृथकतावादी' भनेर लेबल लगाए।

धेरै चिनियाँ महिलाहरू भन्छन् कि हालैको ताङ्शान आक्रमणले यति धेरै निन्दा आकर्षित गरेको छ किनभने हिंसा धेरै चरम थियो। तर देशका महिलाहरूले विभिन्न स्तरमा यस्ता जोखिमहरू सामना गर्छन्। चीनमा महिला विरुद्धको हिंसालाई पूर्ण रूपमा बन्द गर्नका लागि गम्भीर अपराध मानिन लामो समय लाग्न सक्छ।

–एजेन्सीहरुको सहयोगमा




# निहीत स्वार्थ थोपार्ने चीनको मनसाय र रणनीति

चीनले बेल्ट एन्ड रोड इनिसिएटीभ (बीआरआई) मार्फत नेपालमाथि आफ्नो वर्चश्वशाली अर्थतन्त्र, सर्तहरु र निहित स्वार्थहरु थोपर्न खोजेको भेटिएको छ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले सूचनको हक सम्बन्धी अधिकार प्रयोगगर्दै सार्वजनिक गरेको सम्झौताको विवरणमा चीनको मनशाय र रणनीति बाहिरीएको हो ।

नेपाल र चीनबीच ५ वर्षअघि भएको बीआरआई सम्झौता 'मेमोरेन्डम अफ अन्डस्ट्यान्डिङ (एमओयु)' को पूर्ण पाठले सरकार र चीनले लुकाएका धेरै विषयको खुलासा भएको छ ।

सम्झौताको अध्याय २ को दफा ३ मामा व्यापार सम्बन्ध विस्तारको बारेमा रहेको छ । जसमा दुवै पक्षले चीन नेपाल स्वतन्त्र व्यापार सम्झौताको संभाव्यता बारेमा सन् २०१७ भित्र अध्ययन गर्ने र संभव देखिएमा दुई पक्षको व्यापार र बजारलाई विस्तार गर्नका लागि सम्झौताका लागि वार्ता शुरु गर्ने उल्लेखित छ।

सम्झौतामा नेपालकोतर्फबाट तत्कालीन परराष्ट्र सचिव शंकरदास बैरागी र नेपालका लागि चीनका राजदूत यो होङले हस्ताक्षर गरेका थिए ।

त्यस समयमा नेपालमा प्रधानमन्त्री नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल रहेका थिए । माओवादी केन्द्र र नेपाली कांग्रेसको संयुक्त सरकार रहेको थियो ।

सो सम्झौतामा गरिएको हस्ताक्षरले विश्वको दोस्रो आर्थिक शक्ति रहेको चीनले नेपालमाथि स्पष्ट रुपमा प्रभुत्व निर्माण गर्न, नेपालमा आफ्नो मुद्रा सञ्चालन र आफ्नो बस्तु तथा सेवा नेपालमा शुन्य भन्सारमा बिक्री गर्न खोजेको देखिन्छ।

सन् २०१७ बीआरआईको 'आपसी फाइदाको क्षेत्रहरुमा सहकार्यको प्रवर्द्धन'को नाममा नेपाल बजारमाथि एकताधिकार जमाउन खोजेको देखिन्छ ।

नेपालमा विभिन्न क्षेत्रबाट सम्झौता सार्वजनिक गरिनुपर्ने माग बृहत रुपमा उठे पनि त्यसलाई गोप्य नै राखिएको थियो । सम्झौतामा अपनाइएको गोप्यताको कारण त्यसमा विभिन्न पक्षबाट गम्भीर प्रश्न उठाएका थिए ।

नेपाल सरकारलाई सम्झौता सार्वजनिक गर्नका लागि के कुराले रोक्यो भन्न अहिलेसम्म खुल्न सकेको छैन ।

'रेलबे, सडक, नागरिक उड्डयन, विद्युती प्रशारणलाईन, सूचना र सञ्चारसहित सीमापार भौतिक परियोजनाको संयुक्त अध्ययन तथा प्रवर्द्धनलाई विस्तार गर्नका लागि पारवहन यातायात, बन्दोबस्ती प्रणाली, यातायात सञ्जाल, यातायात क्षेत्र सञ्जाल सुरक्षा र त्यस सम्बन्धित पूर्वाधारमा सहयोगलाई बढाउदै कनेक्टिभिटमा सहयोग सशक्त बनाउने' दफा राखेको देखिन्छ ।

सन् २०१७ मा गरिएको सम्झौता पहिलो ३ वर्ष पुरा नभएर स्वत नवीरकण भएको छ । तर हालसम्म एउटा पनि परियोजना सञ्चालन हुन सकेको छैन ।

दुवै पक्षले तीन महिनाको सूचना दिएर सम्झौता भंग गर्न सकिने व्यवस्था गरिएको छ ।

दुवै सरकारले चाहेमा तीन महिनाको सूचना दिएर सम्झौता नवीकरण पनि गर्नसक्ने व्यवस्था गरिएको छ । त्यसैगरी दुवै पक्षलले सहमतिमा सम्झौतालाई आवश्यकताअनुसार परिमार्जन वा परिर्तन गर्न सक्ने उल्लेख छ ।

सम्झौता गोप्य राखिएको विषयमा विभिन्न संघ संस्था तथा पारदर्शिताको क्षेत्रका काम गर्दै आएका व्यक्तिहरुले प्रश्न उठाउने गरेका छन् । उनीहरु जवाफदेहिताको पहिलो कडी पारदर्शीता भएको बताउँछन् । –एजेन्सीहरुको सहयागमा

## जिल्ला समाचार

### पर्सा प्रशासन कार्यालयमा हेल्पडेक्स स्थापना

पर्सा । पर्सा जिल्ला प्रशासन कार्यालयले अनलाइनमार्फत राष्ट्रिय परिचय पत्र विवरण गर्न हेल्पडेक्स स्थापना गरेको छ । हेल्पडेक्समार्फत सेवाग्राहीका लागि निःशुल्क रूपमा राष्ट्रिय परिचय पत्रका लगि विवरण भर्ने कार्य प्रारम्भ गरिएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिएका छन्। विवरण फारम भर्न सेवाग्राहीबाट अस्वभाविक रूपमा शुल्क लिई साइबर कप्युटर र स्टेशनरी पसलहरूले अनलाइन फारम भरेको गुनासो आएपछि प्रशासनले यस्तो व्यवस्था गरेको हो । जिप्रकाको कोठा नम्बर ७ बाट निःशुल्क रूपमा अनलाइन फारम भर्ने व्यवस्था पनि मिलाइएको सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले जनाए । कार्यालयद्वारा जारी सूचनामा शुल्क लिएर कुनै स्टेशनरी तथा साइबर पसलहरूलाई राष्ट्रिय परिचय पत्रका लागि अनलाइन फारम नभर्न/नभराउन पनि आग्रह गरिएको छ। सूचनाविपरीत कसैले शुल्क लिएर अनलाइन फारम भरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने चेतावनी दिइएको छ ।

### शुद्धोधनको बजेट ५३ करोड ९० लाख

कपिलवस्तु । शुद्धोधन गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को लागि ५३ करोड ९० लाख २२ हजार बराबरको बजेट विनियोजन गरेको छ । सातौं गाउंसभामा उपाध्यक्ष होम प्रकाश चौधरी कुर्मीले उक्त बरारबरको बजेट तथा कार्यक्रम प्रस्तुत गरेका छन् । सो मध्ये चालु प्रशासनीक खर्च ९ करोड पुजिंगत खर्च २२ करोड ९६ लख २२ हजार र वित्तिय व्यवस्था अर्थात सशर्त अनुदान २१ करोड ९४ लाख रहेको छ । सो अवसरमा गाउंपालिकाका अध्यक्ष कमलेश शरण चौधरीले आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरे नीति तथा कार्यक्रम सर्वसम्मतले पास भएको छ । अध्यक्ष चौधरीले मावि तहमा अध्यननरन छात्राहरुको लागी निशुल्क साइकल वितरण, गर्भवती सुत्केरी महिलाहरुलाई अध्यक्ष कोशेली कार्यक्रम जस्ता कार्यक्रमहरु प्रस्तुत गरेका छन् । साथै अध्यक्ष चौधरीले कृषि,पशु,स्वास्थ्य शिक्षा, वन वातावरण, पर्यटन जस्ता क्षेत्रमा पनि उल्लेखनिय नीति तथा कार्यक्रमहरु प्रस्तुत गरेका छन् । प्रशासन शाखा प्रमुख ईश्वरी प्रसाद न्यौपानेको संचालनमा सम्पन्न सभामा प्रमुख प्रशासकीय अधिकृत ऋषिराम पन्थीले पेश गरेका विभिन्न निर्णय पारित गर्दौ सभा सम्पन्न भएको छ ।

### कानून विषयका छात्रछात्राहरुलाई प्रशिक्षण

वीरगन्ज । जिल्ला अदालत पर्साको आयोजनामा कानून विषयका छात्रछात्राहरुलाई क्षमता वृद्धि र नियम कानुन सम्बन्धि जिल्ला न्यायाधीशले प्रशिक्षण दिएका छन् । वीरगञ्जमा रहेको वीरगञ्ज कलेजमा भएको कार्यक्रममा जिल्ला अदालत पर्साले न्यायिक बाह्य पहुँच सम्बन्धि कानूनको दायरामा कसरी अपराधीहरुलाई ल्याउने भन्ने विषयमा प्रशिक्षण गराइएको थियो । अदालत जनताको मौलिक हक र मानव अधिकारको रक्षकको रुपमा रहेको छ । आफ्नो अधिकारको खोजी गर्न नागरिक पनि सक्षम र सचेत रह्न प्रशिक्षणमा बताइएको थियो । यस्तो भएमा बिचौलियाहरुको अवैध भूमिकाहरु गर्न नपाइने न्यायपूर्ण समाजको स्थापना जस्तो कार्यमा सघाउ पुग्दे जाने जिल्ला अदालत पर्साका मुख्य न्यायाधीश धर्मराज पौडेलले जानकारी दिए । सहभागी विद्यार्थीहरुलाई जिल्ला अदालत पर्साले डोक्युमेन्ट्री मार्फत कानून, न्याय, अपराधप्रति विशेष जानकारीहरु गराएका थिए । खासगरी अदालतमा आउने विवादका प्रकृति, देवानी र फौजदारी मुद्दाहरुलाई के कसरी न्यूनीकरण गर्ने विषयमा जोड दिएका थिए । न्यायिक बाह्य पहुँचको छलफलमा आम नागरिकलाई गर्न नहुने कामहरुप्रति प्रकाश पार्दै जातीय, भाषिक, साम्प्रदायिक वा लैङ्गिक जस्ता विषयहरुप्रति सचेतना गराइएको थियो । विरगञ्ज कलेजमा भएको कार्यक्रममा क्याम्पस प्रमुख दिपेन्द्र चौधरीले कानुन संकायमा अध्ययनरत् छात्रछात्राहरुलाई पर्सा जिल्ला अदालतबाट प्रशिक्षणको रुपमा सम्पूर्ण विषयहरुमा टेवा पुऱ्याउन बताएका थिए ।

### दोहोनी सिंचाई आयोजना संचालन

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तु नगरपालिका वडा नं ८ मा निर्माण भएको दोहोनी सिंचाइ आयोजना संचालनमा आएको छ । पूर्वसिंचाइ राज्यमन्त्री सुरेन्द्रराज आचार्यले सोमबार एक कार्यक्रमका बीच सिंचाइ आयोजनाको उद्घाटन गरेका छन् । उद्घाटन गर्दै आचार्यले आफूले शिलान्यास गरेको योजना उद्घाटन गर्न पाउँदा खुशी व्याक्त गर्दै यस क्षेत्रका किसानहरुको कृषि उत्पादन वृद्धि हुनेमा विश्वस्त रहेको बताए । साथै जिल्लाका अन्य स्थानमा पनि यस्ता योजनाले निरन्तरता पाएको बताए । २०७४ बाट निर्माण सूरु गरिएको योजनाको सबै काम सम्पन्न गरिएको जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय कपिलवस्तुका प्रमुख पुरुषोत्तम उपाध्यायले बताए । ७ करोड २० लाख ९६ हजार ३ सय ३४ रुपया लागतमा बाबुल राजन जे भि निर्माण सेवा रुपन्देहीले ठेक्का मार्फत योजना सम्पन्न गरिएको हो । योजना वाट ७ सय हेक्टर खेतियोग्य जमिन सिंचाई हुने समेत प्रमुख उपाध्ययाले बताए । योजनाबाट कपिलवस्तु नगरपालिकाका वडा नं ७ र ८ का किसानहरु लाभानिन्त भएको वडा नं ८ का अध्यक्ष शिवकुमार पाण्डेयले बताए । कार्यकममा वडा नं ३ का अध्यक्ष पकाश गैरे किसान संघका जिल्ला अध्यक्ष चर्तुभुजमणी त्रिपाठी, दुर्गेश पाण्डेय लगायतले योजनाको रेखदेश र सहि सदुपयोग गर्नको लागि शुभकामना दिएका थिए ।

### कपिलवस्तुको बजेट ९३ करोड ८४ लाख

इमरान खान/ कपिलवस्तु । कपिलवस्तु नगरपालिकालाई सास्कृतिक नगरपालिका बनाउने प्रकृया अघि बढाइएको छ। कपिलवस्तु नगरपालिकाको तौलिहवामा आयोजित १२ नगर सभाको दोश्रो बैठकले बुद्ध नगरी कपिलवस्तु नगरपालिकालाई सांस्कृतिक नगरपालिका बनाउने निर्णय सर्व सम्मत निर्णय पारित गरेको हो। बुद्ध नगरी कपिलवस्तु नगरपालिकालाई सांस्कृतिक नगरपालिका बनाउने निर्णय १२औं नगर सभाबाट सर्वसम्मतरुपमा पास भएको मेयर सुदीप पौडेलले बताए। बुद्धको माध्यमबाट प्राचिन नगरी कपिलवस्तुको चिनारी र पर्यटकीय विकासकालागि आफुहरुले यो निर्णय पारित गरेको मेयर पौडेलले बताए। 'हामीले नगरपालिकालाई सास्कृतिक नगर बनाउने प्रकृया अघि बढायौ, अब ठोस पहल गर्छौ ' उनले भने। उता १२ नगर सभाबाट आगमी आर्थिक बर्ष २०७९/०८० कालागि नगर पालिकाको ९३ करोड ८४ लाख ७२ हजार बजेट पारित भएको छ। यो बजेटमा सामाजिक सुरक्षा भत्ताको रकम भने समाबेश नभएको प्रमुख प्रशाकीय अधिकृत शेषकान्त पौडेलले बताए। उप मेयर सुनिता गुप्ताले पेश गरेको बिनियोजन बिधयेक २०७९ समेत पास भएको हो। बजेटमा प्रत्येक वडालाई ८५ लाखको दरले तथा नगरस्तरीय बजेट मार्फत प्रत्येक वडालाई थप ५० लाखका दरले बजेट बिनियोजन गरिएको छ। यस्तै बजेटमा स्वास्थ्य बिमा साझेदारी कार्यक्रम संचालन गर्न एक करोड बजेट बिनियोजन भएको छ। झन्डै साढे १२ हजार लाई बिमामा समाबेश गर्न बिमामा लाग्ने शुल्कको आधा रकम नगरपालिकाले ब्यहोर्ने गरी बजेट छुट्टाईएको मेयर पौडेलले बताए।

### घुमुवा प्रहरी हुँ भन्दै डर धाकधम्की दिने पक्राउ

रौतहट । आफू नेपाल प्रहरीको घुमुवा प्रहरी हुँ भन्दै डर धाकधम्की देखाई सर्वसाधरणलाई दुःख हैरानी दिएको अभियोगमा चन्द्रपुर नगरपालिका-९ सिन्धुरेघारी टोल बस्ने ३२ वर्षीय सुमन बस्नेतलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । चन्द्रपुर नगरपालिका-४ स्थित राजमार्गका यात्रुलाई, सोही ठाउँस्थित चोकमा मानिसहरुलाई र स्थानीय होटलहरूमा एक व्यक्तिले अनावश्यक हैरानी दिइरहेको भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चन्द्रपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर अभद्र व्यबहार शीर्षक मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट ६ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

### लालपुर्जा वितरण कार्य अन्तिम चरणमा

महोत्तरी । भूमि आयोगका अध्यक्ष ज्ञानबहादुर गोलेले महोत्तरीमा लालपुर्जा वितरण प्रक्रिया अन्तिम चरणमा पुगेको बताएका छन्। जिल्लाभित्र रहेका अव्यवस्थित, भूमिहीन तथा सुकुम्बासीहरूलाई लालपुर्जा वितरण गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको गोलेको भनाइ छ। प्राविधिकहरूले फिल्डमै पुगेर लागत संकलन तथा नाप, नक्सा अन्तिम चरणमा प्रविष्ट गरेसँगै लालपुर्जा वितरण अन्तिम चरणमा पुगेको अध्यक्ष गोलेले जानकारी दिए । 'लालपुर्जाको नक्साङ्कन समेत तयारी भइसकेको छ । अब वितरणको तयारी गर्नुपर्छ,' गोलेले भने। विशेषगरी बर्दिबास नगरपालिकाभित्र अव्यवस्थित, भूमिहीन तथा सुकुम्बासीहरूको ठूलो समस्यामा छन्। नगरभित्र रहेका सबैको नक्सा समेत तयारी भइसकेको हुनाले अहिले फिल्डमा पुगेर प्राविधिकहरूले प्रमाणीकरण अगाडि बढाएका छन्। अध्यक्ष गोलेका अनुसार नगरको १४ वटा वडामध्ये आधा वडामा प्रमाणीकरण प्रक्रिया सम्पन्न भइसकेको छ । बर्दिबास नगरपालिकामा मात्र १०औं हजार परिवार एलानी जग्गामा बसोबास गर्दै आएका छन्।

# रौटहटमा बहालबला मेयरविरुद्ध भ्रष्टाचारको मुद्दा

रौतहट । जिल्लाको फतुवा विजयपुर नगरपालिकाका मेयर गोपाल राय यादवसहित २१ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएको छ । प्रचलित ऐन नियम विपरीत लाल बकैया नदीको ठेक्का लगाएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक करोड ५३ लाख ५० हजार १९९ रुपैयाँ बिगो दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

जिल्ला समन्वय समितिको रोहबरमा भएको छलफलमा गजुरा र फतुवा विजयपुर नगरपालिकाबीच संयुक्त रुपमा ढुंगा गिट्टी र बालुवाको ठेक्का लगाउने र त्यसबाट प्राप्त हुने आयको ६० प्रतिशत फतुवा विजयपुर र ४० प्रतिशत गजुराले लिने सहमति भएको थियो । तर फतुवा विजयपुर नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा लाल बकैया नदीको ठेक्का लगाएको प्रचलित ऐन नियम विपरीत लगाएको अख्तियारको ठहर छ ।

अख्तियारले तत्कालिन र हालका मेयर गोपाल राय यादव, तत्कालिन उपमेयर कान्तिदेवी, तत्कालीन वडाध्यक्षहरु संजयप्रसाद, भविछन राय यादव, दीपनारायण साह, शेख एजाज अहमद, हिरा राय यादव, उमाशंकरा साह कलवार, दिपनारायण चौधरी, योगेन्द्रप्रसाद चौधरी, ज्ञानेन्द्र चौधरी, नगर कार्यपालिका सदस्य लक्षण साह कानु, सुन्दरी माझी, जिरनी देवी, फूलकुमारी देवी, संजु देवी जयसवाल, शशीकुमार साह र रवीन्द्रकुमार निधिविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

उनीहरुमध्ये मेयर गोपाल पुन नगर प्रमुख चुनिएका छन् भने शेख एजाज अहमद वडा नम्बर ५ र ज्ञानेन्द्र चौधरी वडा नम्बर ११ को वडाध्यक्ष चुनिएका छन् । वडा नम्बर ८ का वडाध्यक्ष उमाशंकर साह कलवार नगर कार्यपालिका सदस्य छन् भने तत्कालिन नगर कार्यपालिका सदस्य जिरनी देवी वडा नम्बर ७ को वडा सदस्य चुनिएका छन् ।

अख्तियारले तत्कालिन प्रमुख प्रशाकीय अधिकृत सागरकुमार रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत गोकुल ढुंगेल र निमित्त प्रमुख प्रशासकीय अधिकृत रञ्जना साहविरुद्ध पनि भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

उनीहरुले नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गराउन बेवास्ता गरेको, सबैभन्दा बढी बोलकबोल गर्ने बोलपत्रदाताको सम्झौता गर्न इन्कार गरेपछि दोस्रो बढी बोलकबोल गर्नेलाई सम्झौता गर्न बोलाउनुका साथै पहिलोको धरौटी जफत गर्नुपर्नेमा अमानतमा राजश्व संकलन गर्ने कार्यलाई निरन्तरता दिएको अख्तियारको ठहर छ । नगर कार्यकपालिकाबाट धरौटी फिर्ता गर्ने निर्णय गरेका कारण १ करोड ५३ लाख ५० हजार १९९ हानी नोक्सानी भएको उसको दाबी छ ।

# जिसस रौतहटमा गठबन्धनका उम्मेदवार विजयी

रौतहट । जिल्ला समन्वय समिति रौतहटको प्रमुखमा गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका रामअयोध्या यादव विजयी भएका छन् । निर्वाचनमा यादवसहित गठबन्धनका सबै उम्मेदवार विजयी भएका हुन् । कांग्रेस, नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्रको गठबन्धनबाट प्रमुखका उम्मेदवार यादवले २६ मत पाएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार शेरबहादुर पटेलले ५ मत प्राप्त गरे । गठबन्धनकै तर्फबाट एकीकृत समाजवादीका उपप्रमुखमा एकीकृत समाजवादीका महेश बैठाले २६ मत ल्याई विजयी भए । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका प्रमिला देवीले ५ मत प्राप्त गरिन् । सदस्यहरुमा गठबन्धनकै मोज्जमिल्ल आलम, अशोककुमार झा, सर्पलालप्रसाद यादव, कमलाकुमारी ढकाल, इन्दु देवी, विजलिया देवी र किरण देवी साह निर्वाचित भएका छन् । दलित सदस्यमा किरणदेवी साह निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । रौतहटमा १६ नगरपालिका र दुई गाउँपालिका छन् । जिल्ला समन्वय समितिको कुल मतदाता ३६ जना रहेको छ । तीमध्ये कांग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रका २४ जना छन् । गठबन्धनबाट जिससमा कांग्रेसले प्रमुखसहित ५ पद पाएको छ । एकीकृत समाजवादीले उपप्रमुखसहित ३ र माओवादी केन्द्रले १ पाएको छ ।

# विद्यार्थीहरुलाई शैक्षिक सामग्रीलगायतका सामान वितरण



काठमाडौं । सिन्धुपाल्चोकमा सेयरिङ लभ नेपालले १५० जना विद्यार्थीलाई स्टेशनरी सामग्री लगायत विभिन्न सामानहरु वितरण गरेको छ ।आइतबार सिन्धुपाल्चोकको कोठे ७ सुनकोशी गाँउपालिकामा रहेको जल्पा माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्टेशनरी सामग्री वितरण गरेको हो । सेयरिङ लभ नेपालका अध्यक्ष समिर श्रेष्ठले विद्यालयमा भएका विद्यार्थीलाई स्टेशनरी सामग्री कापि किताब, पेन पेन्सिल, चाउचाउ, बिस्कुट, साबुन, सरफ र खेलकुदका साम्राग्रीहरु वितरण गरिएको बताए । विद्यालयको शैंचालय अवस्था जिर्ण देखिएकोले सेयरिङ लभ नेपालले विभिन्न सहयोग गर्नुका साथै शौचालयको अवस्था हेरेर नयाँ तरिकाले बनाउने घोषणा समेत गरिएको छ । यस संस्थाले विगत ४ बर्ष देखि सामाजिक कार्यहरु गर्दै आएको छ । साथै विद्यार्थीहरुको लागी स्टेशनरी समानहरु वितरण गरिरहेको छ । जाल्पा माध्यमिक विद्यालयमा दायनिय अवस्था रहेका ५ जना विद्यार्थीलाई सेयरिङ लभ नेपाल सामाजिक संस्थाले १ देखि १० कक्षा सम्म विधार्थीको लाग्ने सबै शुल्क तिरिदिने घोषणा गरेको अन्तर्राष्ट्रिय सम्मानित तथा रास्टीय समाजसेवि प्रकाशमणी राउतले जानकारी दिए ।

**आर्थिक समाचार**

# ७७ वटै जिल्लामा पुग्यो ग्लोबल आइएमई बैंक

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले कर्णाली प्रदेशको डोल्पा जिल्ला ठुलीभेरी नगरपालिका-३, दुनै बजारमा २८९औं नयाँ शाखा कार्यालय संचालनमा ल्याएको छ । डोल्पाको दुनैमा नयाँ शाखा स्थापनासँगै ग्लोबल आइएमई बैंक नेपालको ७७ जिल्लामा शाखा कार्यालय स्थापना गर्ने निजी क्षेत्रको पहिलो बैंक बनेको छ । बैंकले ७७ जिल्लामा २८९ शाखा, २६२ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८७५ भन्दा बढि सेवा केन्द्रबाट २८ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

# काठमाडौं प्याथ ल्याब र डाग्नोस्टिक सेन्टर सम्झौता

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र काठमाडौं प्याथ ल्याब र डाग्नोस्टिक सेन्टर (Kathmandu Path Lab and Diagnostic Centre Pvt. Ltd.) बिच सेवा प्रदान गर्ने सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत श्री शरण रेग्मी र काठमाडौं प्याथ ल्याब र डाग्नोस्टिक सेन्टर (Kathmandu Path Lab and Diagnostic Centre Pvt. Ltd.) का प्रमुख कार्यकारी अधिकृत श्री पुष्प लामिछानेले हस्ताक्षर गर्नुभयो । यस सम्झौता पश्चात आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका कर्मचारी, शेयरधनी तथा ग्राहकमहानुभावहरुलाई काठमाडौं प्याथ ल्याब र डाग्नोस्टिक सेन्टर (Kathmandu Path Lab and Diagnostic Centre Pvt. Ltd.) महाराजगंज, काठमाडौंमा प्राप्त हुने सबै किसिमका सेवाहरुमा आकर्षक छुट प्राप्त हुने हुनाले आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका सम्पूर्ण कर्मचारी, लगानीकर्ता तथा ग्राहकमहानुभावहरुले आवश्यकता अनुसारका सेवा प्राप्त गर्न सक्ने संस्थाले जनाएको छ । साथै सोही अवसरमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत श्री शरण रेग्मीले काठमाडौं प्याथ ल्याब र डाग्नोस्टिक सेन्टर (Kathmandu Path Lab and Diagnostic Centre Pvt. Ltd.) सँग आवद्ध लगानीकर्ता, कर्मचारी तथा ग्राहकमहानुभावहरुलाई आवश्यक पर्ने निर्जीवन बीमा सम्बन्धी सम्पूर्ण सेवाहरु आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट सहज रुपमा प्राप्त गर्न सक्ने जानकारी गराउनु भयो ।

# २३ पालिकाले ल्याएन बजेट

जनकपुरधाम । मधेश प्रदेशका अधिकांश पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसँगै बजेट ल्याए पनि २३ वटा पालिकाले भने निर्धारित समयमा विभिन्न कारण देखाउँदै नीति तथा कार्यक्रम एवं बजेट ल्याउन सकेनन् । प्रदेशका ११३ पालिकाले बजेट ल्याइसकेका छन् । अन्यले भने दलीय विवाद, प्रमुख कार्यकारी अधिकृत नहुनु र योजना छनोटमा ढिलाइ भएका कारण समयमै नगर तथा गाउँसभा गर्न नसक्दा नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको जनाएका छन् ।

सप्तरीका १८ वटा स्थानीय तहमध्ये १३ वटा स्थानीय तहले मात्रै नगर तथा गाउँसभा सम्पन्न गरेका छन् । आर्थिक वर्ष ०७९/०८० को बजेट, नीति तथा कार्यक्रम पारित गर्दै गत हप्ता एकसाथ १३ वटा स्थानीय तहले गाउँ तथा नगर सभा सम्पन्न गरेका हुन् ।

नगर तथा गाउँसभा गर्न नसकेका पाँच स्थानीय तहले भने गाउँ/नगर सभाको मितिसमेत तय गर्न सकिरहेका छैनन् । सप्तरीमा सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, बोदेबर्साइन नगरपालिका, महादेवा गाउँपालिका र बलान बिहुल गाउँपालिकाले गाउँसभा गर्न सकेका छैनन् ।

गाउँ तथा नगरसभाको तयारी नपुगेका कारण निर्धारित समयमै गर्न नसकेको जनप्रतिनिधिहरूले बताएका छन् । तर कहिले सभा गर्ने भन्नेबारे अन्योल नै छ । २ उपमहानगरपालिका, ५ नगरपालिका र ९ वटा गाउँपालिका रहेको बाराका केही पालिकाले गाउँ तथा नगरसभा गर्न सकेका छैनन् । बाराको जीतपुर सिमरा उपमहानगरपालिका, पचरौता र निजगढ नगरपालिकाले नगरसभा स्थगित गर्नु परेको थियो । त्यस्तै महागढीमाई नगरपालिकामा वडाध्यक्षले नीति तथा कार्यक्रम नै च्यातेपछि विवाद उत्पन्न भएको हो ।

१६ नगरपालिका र दुई गाउँपालिका रहेको रौतहटमा भने १२ वटा पालिकाले नगर तथा गाउँ सभा सम्पन्न गरेका छन् । रौतहटका ३ वटा पालिकाले असार १० गतेभन्दा पहिले नै सभा सम्पन्न गरिसकेका छन् भने ३ वटा पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट ल्याउन सकेनन् । जनप्रतिनिधिहरुको आन्तरिक विवादका कारण रौतहटका फतुवा विजयपुर, गुजरा र दुर्गा भगवती गाउँपालिकाले सभा नै गर्न सकेनन्

त्यस्तै धनुषाका अधिकांश पालिकाले नीति तथा कार्यक्रम ल्याइसकेका छन् भने केही पालिकाको बजेट सार्वजनिक हुन बाँकी छ ।

## फेरि...

दिने दाबी यादव पक्षको छ । राजकिशोर यादव र महिन्द्रराय यादव पनि भट्टराईको साथ दिने अवस्था नरहेकाले आफूहरूसँगै आउने पनि उनीहरुको दाबी छ । यदि ती दुवै जना आफ्नो पक्षमा आए कार्यकारिणी सदस्य संख्या २४ पुग्ने पनि दाबी गरिएको छ ।

**भट्टराईको गन्तव्य**

२०७२ असोज ९ गते माओवादी केन्द्र त्यागेका भट्टराई २०७३ जेठ ३० गते 'नयाँ शक्ति' नामको नयाँ दलको घोषणा गरे । त्यसपछि भट्टराईले तत्कालीन संघीय समाजवादी फोरमसँग एकता गरेर २०७६ साल वैशाख २३ गते समाजवादी पार्टी निर्माण गरे । पार्टीको केन्द्रीय भूमिका उपेन्द्र यादवलाई राखेर आफू दोस्रो तहको नेतृत्व बस्न तयार भए ।

समाजवादी पार्टी बनेको एक वर्षमै २०७७ वैशाख १० गते सबै मधेशी दल एक ठाउँमा हुने गरी तत्कालीन राजपासँग एकता भएर जनता समाजवादी पार्टी(जसपा) नेपाल निर्माण भयो । अहिले यो दलबाट पूर्व राजपा छुट्टिएर लोकतान्त्रिक समाजवादी फोरम (लोसपा) नेपाल गठन भएको छ । जसपाबाट निस्केर भट्टराईले के गर्लान कुनै रोडम्याप सार्वजनिक गरेका छैनन् । कुनै दलमा प्रवेश गर्ने भन्दा उनले नयाँ दल नै खोल्ने सम्भावना बढी छ । यदि भट्टराईले नयाँ दल खोले भने त्यो पाँचौ हुनेछ ।

भट्टराई निकट एक नेताले भने, 'उहाँ जसपामा नबस्ने सङ्केत देखियो । लोसपा पनि जानुहुन्न । तर, आफ्नै नेतृत्वमा पार्टी बनाउने तयारी गर्नुभएको छ ।'

## मधेशमा...

खेतीयोग्य जग्गा रहेकोमा ४६ हजार २० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गर्दछ । अहिलेसम्म बारामा ४ हजार ६०२ हेक्टर (१०) प्रतिशत क्षेत्रफलमा मात्र रोपाइँ सम्पन्न भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

रौतहट जिल्लाको ५३ हजार ५२० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ३८ हजार १ सय हेक्टरमा धान रोपाइँ हुने गर्दछ । अहिलेसम्म रौतहटमा २ हजार ६६७ हेक्टर (७) प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ ।

सर्लाहीको ८४ हजार ६७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ७ सय हेक्टरमा धान रोपाइँ हुन्छ । यसवर्ष अहिलेसम्म २ हजार ३३५ हेक्टर (५) प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको तथ्यांकमा उल्लेख छ ।

यस प्रदेशमा यसवर्ष सबैभन्दा कम धनुषा जिल्लामा रोपाइँ भएको मन्त्रालयले जनाएको छ । धनुषाको ७६ हजार ५३१ हेक्टर क्षेत्रफलको खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा धान रोपाइँ हुनुपर्नेमा २ हजार ३६० हेक्टर अर्थात ४ प्रतिशत क्षेत्रफलमा मात्र रोपाइँ भएको मन्त्रालयका बाली विकास अधिकृत पालले जानकारी दिए ।

**उत्पादनमा कमी**

यस प्रदेशमा अहिलेसम्म चैते र बर्षे दुबै मिलाएर १४ लाख १६ हजार ५ सय ८५ मेट्रिक टन धान उत्पादन भएको छ ।

मधेश प्रदेशमा चालु आर्थिक वर्षमा ३.५१ प्रतिशत मेट्रिक टन धान उत्पादन भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । यस प्रदेशमा ४ लाख ३ हजार ६४९ हेक्टर खेतीयोग्य जग्गा रहेको मन्त्रालयका बाली विकास अधिकृत पालले जानकारी दिए ।

मन्त्रालयका अनुसार मधेश प्रदेशमा अहिलेसम्म बारा जिल्लामा सबैभन्दा बढि धान उत्पादन भएको छ । कुल ६१ हजार १२५ हेक्टर खेतीयोग्य जग्गामध्ये सो जिल्लामा २ लाख ५९ हजार ३८१ मेट्रिक टन धान उत्पादन भएको हो । त्यहाँ यसवर्ष प्रतिहेक्टर ४.२४ प्रतिशत मेट्रिक टनको हिसाबले धान उत्पादन भएको हो ।

यस्तै पर्सा जिल्लामा कुल ३८ हजार ५७० हेक्टर खेतीयोग्य जग्गामा कुल १ लाख ६१ हजार ६९६ मेट्रिक टन धान उत्पादन भएको छ । पर्सामा प्रतिहेक्टर ४.१९ प्रतिशत मेट्रिक टनको हिसाबले धान उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

सप्तरीमा ५७ हजार ३०४ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामा धान रोपाई गरिएकोमा १ लाख ७० हजार ९०१ सय मेट्रिक टन धान उत्पादन भएको बताईएको छ । त्यस जिल्लामा प्रतिहेक्टर २.९८ प्रतिशत मेट्रिक टनको हिसाबले धान उत्पादन भएको पालले बताए ।

सर्लाहीको ४४ हजार ७ सय हेक्टर खेतीयोग्य जग्गामा प्रतिहेक्टर ३.३२ प्रतिशत मेट्रिक टनको हिसाबले कुल १ लाख ४८ हजार ४९० मेट्रिक टन धान उत्पादन भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

धनुषामा ५४ हजार हेक्टर खेतीयोग्य जग्गामा धान रोपाइँ गरिएकोमा प्रतिहेक्टर ३.२१ प्रतिशतको हिसाबले कुल १ लाख ७३ हजार २२० मेट्रिक टन धान उत्पादन भएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै, महोत्तरीमा ५१ हजार २ सय हेक्टर क्षेत्रफलमा धान रोपाई गरिएकोमा प्रतिहेक्टर ३.७३ प्रतिशतको हिसाबले कुल १ लाख ९० हजार ८ सय मेट्रिक टन धान उत्पादन भएको हो ।

सिरहामा ५८ हजार हेक्टर खेतीयोग्य जग्गामा धान रोपाइँ गरिएकोमा प्रतिहेक्टर ३.४१ प्रतितको हिसाबले १ लाख ९७ हजार ५५७ मेट्रिक टन धान उत्पादन भएको बताईएको छ ।

यस प्रदेशमा यस वर्ष सबैभन्दा कम रौतहटमा धान उत्पादन भएको मन्त्रालयले जनाएको छ । त्यहाँ ३८ हजार ७५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिएकोमा प्रतिहेक्टर २.९६ प्रतिशतको हिसाबले १ लाख १४ हजार ५४० मेट्रिक टन धान उत्पादन भएको छ ।

यस वर्ष समयमै पानी परेकोले किसानहरु हर्षित छन् । धान उत्पादन राम्रो हुनेमा आशावादी समेत छन् । मौसमले यस वर्ष साथ दिएपनि किसानहरु मलको अभावमा मर्कामा परेका छन् । मधेश प्रदेशमा सिंचाईको अभाव रहेको समयमा जसो तसो धान रोपाई गर्दै आएका किसानहरुलाई खेतीपातीका लागि आवश्यक मलको अभावले पनि चिन्तित बनाएको छ ।

मल खाद्यको आपूर्ति कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले गर्दै आएको छ । आपूर्तीको ७० प्रतिशत जिम्मा कृषि सामग्री कम्पनीको र ३० प्रतिशत साल्ट ट्रेडिङ्गको रहेपनि किसानहरु सहज रुपमा कुनै वर्ष मल नपाउने गरेको किसानहरुको गुनासो छ ।

## निजगढ...

पूर्णपाठमा विमानस्थल निर्माण गर्ने स्थलको उपयुक्तता सम्बन्धमा वस्तुगत र तार्किकरूपमा यकिन गरी छनोट गरिएको स्थानको वातावरण प्रभाव मूल्याङ्कन कानूनी विधि र प्रक्रियाअनुसार गराई विज्ञ समूहबाट राय ठहरसहितको प्रतिवेदन लिई, कहाँ, कुन ठाउँको कति क्षेत्रफल जग्गामा, कति क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नुपर्ने हो ? भन्ने कुरा यकिन गरी न्यूनतमरूपमा मात्र वातावरणीय क्षति हुने तथा प्राविधिक दृष्टिले उपयुक्त देखिएको स्थानमा विमानस्थल निर्माण गर्ने कार्य गर्नु भनिएको छ ।

न्यायाधीश हरिकृष्ण कार्की र डा मनोजकुमार शर्माको रायमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि छनोट भएको बारा जिल्लाको निजगढको प्रस्तावित निर्माणस्थलभन्दा दक्षिणतर्फको सरकारी स्वामित्वको खाली जमिन र सोसँग जोडिएको व्यक्तिगत जग्गासमेतलाई जोडेर वा सो आसपासको वनक्षेत्र कम भएको अन्य स्थानमा निर्माण गर्न भनिएको छ ।

पूर्णपाठमा भनिएको छ, 'टाँगिया बस्ती रहेको क्षेत्र वा सोही इलाकाको अन्य उपयुक्त स्थानसमेतको सम्भाव्यता अध्ययन गरी विमानस्थलको आधारभूत संरचनाका लागि आवश्यक हुने क्षेत्रफल बराबरको जमिनको पहिचान गरी हाल कायम रहेको वनलाई सम्भव भएसम्म यथावत्रूपमा कायमै राख्नेतर्फ पहिलो प्राथमिकता दिई अध्ययन गर्नु गराउनु ।'

प्राविधिक वा अन्य कारणबाट विमानस्थल निर्माणका लागि उपयुक्त हुने नदेखिएमा हाल प्रस्तावित क्षेत्रमा विमानस्थलका लागि चाहिने क्षेत्रफल यकीन गरी पुन: कानूनबमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गरी विमानस्थलको निर्माणका लागि नभई नहुने आधारभूत संरचना निर्माणका लागि न्यूनतम वनक्षेत्रको जग्गा मात्र समावेश हुनेगरी निर्माणस्थल कायम गर्नु भनिएको छ । पूर्णपाठमा विमानस्थल निर्माणका लागि उपयुक्त स्थान निर्धारण भएपछि सो क्षेत्रमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा वातावरणमा पर्नेप्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नेपर्याप्त व्यवस्था गर्नुर प्रभावित हुने देखिएका आश्रित वन्यजन्तुको बासस्थान, विचरण तथा अन्य गतिविधिलाई असर नपुग्ने गरी उपयुक्त पूर्वाधारको निर्माण र विकास गरी वन्यजन्तु संरक्षणको उचित व्यवस्था गर्नु भनिएको छ ।

'विमानस्थल निर्माणका लागि रूख बिरूवा काट्नुपर्ने अवस्था देखिएमा वनक्षेत्रभित्रका काटिएका रूखको परिपूरणका लागि स्थान पहिचान गरी प्रचलित कानूनबमोजिम र तोकिएको मापदण्डअनुरूप नयाँ रूख बिरूवा रोप्ने, संरक्षण गर्ने र हुर्काउनेसमेतको व्यवस्था गर्नु', फैसलाको पूर्णपाठमा भनिएको छ ।

त्यस्तै विमानस्थल निर्माणका क्रममा प्रस्तावित विमानस्थल सहरको स्थापना तथा विस्तारका लागि वनक्षेत्रको प्रयोग नगर्नुसमेत भनिएको छ । बारा जिल्लाको निजगढस्थित वन क्षेत्रमा पर्नेगरी अन्तर्राष्ट्रियस्तरको विमानस्थल निर्माण गर्ने भन्ने सन्दर्भमा चारकिल्ला तोक्दा, वनको अधिकांश भागको क्षेत्र पर्ने गरी ८,०४५.७९ हेक्टर (११,८७९.७२ बिघा) जग्गा छुट्याउँदा, कूल २४ लाख ५० हजार ३१९ वटा ठूला र पोल साइजका रुख र अन्य असङ्ख्य र मूल्यवान् जैविक सम्पदाको विनाश हुनसक्ने हुनेछ ।

जैविक विविधताको संरक्षण, सार्वजनिक न्याय तथा अन्तरवंशीय समन्यायलगायतका वातावरणीय न्यायसम्बन्धी मान्य सिद्धान्त/अवधारणा र प्रचलित न्यायिक अभ्यासका दृष्टिले पनि विवादित आयोजना सम्बन्धमा भए गरिएका काम कारवाहीको औचित्य पुष्टि हुने स्थिति देखिएको फैसलाको पूर्णपाठमा छ ।


**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**





**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं